# चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा

त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत् नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी : सुस्मीता लुइँटेल**

त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, कीर्तिपुर

रोल्नं : २३

त्रिवि रजिस्ट्रेसन नम्बर : ७-२-३७१-१९०-२०१३

२०८१

# सिफारिस पत्र

शोधार्थी सुस्मीता लुइँटेलद्वारा स्नातकोत्तर तहको उपाधि प्राप्तिको निमित्त ‘चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा’ शीर्षकमा प्रस्तुत शोधप्रबन्ध मेरो सुपरीवेक्षणमा पूरा गरिएको हो । यस शोधप्रबन्धमा चन्द्रागिरि नगरपालिकाको वडा नं ४ मा पर्ने ऐतिहासिक शोणितपुर क्षेत्रको संस्कृति र परम्पराको बारेमा सूक्ष्म विश्लेषण गरिएको छ । शोधकर्ताले आफ्नो बौद्धिक क्षमता, मौलिकता र नवीन चिन्तन प्रयोग गरी सम्पन्न गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । स्नातकोत्तरस्तरीय शोधका दृष्टिले यो शोधप्रबन्ध स्वीकार्य देखिएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................................

सहप्रा.डा. पुनम राज्यलक्ष्मी राणा

शोधनिर्देशक

मिति : २०८१/१/१०

## प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि 'चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा' शीर्षकको शोधप्रबन्ध सहप्रा.डा. पुनम राज्यलक्ष्मी राणाको शोध निर्देशनमा तयार पारिएको हो । यो शोधप्रबन्ध कुनै मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

मिति : २०८१ वैशाख १०

सुस्मीता लुईंटेल

शोधार्थी

# कृतज्ञता ज्ञापन

'चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा' शोध विभिन्न स्रोत व्यक्ति र विज्ञहरुको सहयोगमा तयार पारिएको हो । आफ्नो जीवनको लामो समय बिताएको यो क्षेत्रलाई नै शोधको विषय बनाउन पाउँदा म अत्यन्त खुसी छु। यो विषयमा अध्ययन अनुसन्धानको लागि प्रोत्साहन गर्नुहुने सम्पूर्ण गुरुहरुप्रति आभार व्यक्त गर्न चाहन्छु। मेरो यो कार्यक्षेत्रसँग सान्दर्भिक विषयमा सल्लाह, सुझाव र परामर्श दिनुहुने सहप्रा.डा. पुनम राज्यलक्ष्मी राणा र शोधसिद्धान्तलगायत विषयमा परामर्श दिनुहुने प्रा.डा. सोमप्रसाद खतिवडाप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

शोध कार्यको प्रारम्भमा विषय छनोटदेखि शोधको स्वीकृतिसम्म प्रत्यक्ष र अपत्यक्षरुपमा सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय, नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा अध्यापनरत रहनुभएका सहप्रा.डा. महेशकुमार आचार्य, सहप्रा.डा. सन्ध्या खनाल, डा. निर्मला पोखरेल, डा. पशुपति न्यौपाने, डा. टिना मानन्धर, डा. अभिजित थापाप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । साथै, शोधको क्रममा प्रत्यक्ष र परोक्ष ढंगले सहयोग गर्नुहुने शोणितपुर क्षेत्रका विभिन्न गुठीका गुठियारहरु र स्थानीयलाई समेत एकमुष्ठ कृतज्ञता व्यक्त गर्दछु। साथै, यस शोधपत्रको टंकण कार्यमा सहयोग गर्नुहुने सुमन मरहठ्ठाप्रति पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, मलाई अध्ययन अध्यापनमा सधैंभरि उत्प्रेरणा दिइरहनुहुने पुजनीय पिता, मातालगायत सम्पूर्ण पारिवारिक सदस्यहरुप्रति म अनुगृहित छु ।

मिति : २०८१ साल वैशाख १० गते

विनीत

सुस्मीता लुइँटेल

# शोधसार

प्रस्तुत शोधको शीर्षक 'चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा' रहेको छ। सांस्कृतिक तथा पुरातात्विक दृष्टिले समेत महत्वपूर्ण रहेको चन्द्रागिरिको ४ नं वडामा पर्ने शोणितपुर क्षेत्रको संस्कृतिले पौराणिक समयको झल्को दिने गरेको छ । यहाँ अझैसम्म पनि जारी रहेका टाउको लुकाउने जात्रा, महालक्ष्मी जात्राजस्ता अमूर्त सांस्कृतिक परम्पराले यो क्षेत्र पौराणिक समयदेखि नै बसोबासको क्षेत्र थियो भन्ने आधारहरु देखाएको छ। काठमाडौंका विभिन्न क्षेत्रका नेवारी समुदायको तुलनामा यो क्षेत्रको संस्कृति भिन्न रहेको भेटिएको छ । यहाँको क्षेत्रमा काठमाडौंको कोर नेवारी समुदाय र उपत्यका बाहिरका अन्य जातिको संस्कृतिको सम्मिश्रण भेटिन्छ। यद्यपि सांस्कृतिक पद्धति र मान्यताको आधारमा हरेक संस्कृतिको मौलिक अर्थ रहेको भेटिएको छ।

शोणितपुर क्षेत्र ऐतिहासिक दृष्टिले प्राचीन समयदेखि नै महत्वपूर्ण क्षेत्र हो भन्ने पुरातात्विक प्रमाणले पुष्टि गरिसकेको छ । यहाँको आदिनारायण मन्दिरमा भेटिएको शिलालेखले यो क्षेत्रबाट नै नेपालमा सनदपत्र वा प्रशासनिक राजाज्ञाको सुरुवात भएको थियो प्रमाण भेटिन्छ । साहित्यक स्रोतलाई आधार मान्ने हो भने यसको प्रमाण पौराणिक रुपमा द्वापर युगसम्मको भेटिन्छ । प्राचीनकालीन सुप्रभानगरीका तत्कालीन दैत्यराज वाणासुर अति वीर पराक्रमी हुनुकासाथै शिवभक्त भएकाले भगवान पशुपतिनाथको आराधनाबाट वरदान पाई आफ्नो राज्य स्वर्णमय (सुनैसनको) बनाएका थिए । उनको घमण्डको अगाडि कसैको केही लाग्दैनथ्यो । त्यसैले उनले आफ्नी अति सुन्दरी छोरी राजकुमारी उषालाई जलक्रीडाका लागि तत्कालीन नेपाल खाल्डोलाई जलमग्न (ताल) बनाई दिए । राजकुमारी उषाले एकदिन सपनामा देखिएकी युवक मनपराएकीले उनैसँग बिहे गर्ने अठोट गरिन् र उक्त कुरा आफ्ना बाबु वाणासुरलाई सुनाइन् । तर सपनामा देखिएका ती युवक को हुन्, कहाँका हुन् केही अत्तापत्तो थिएन । तापनि वाणासुरले आफ्नी प्यारी छोरीको लागि अप्सरा चित्रलेखा (राजकुमारी उषाकी १०० जना सुसारेमध्येकी अति मन मिल्ने शयन कक्ष समेतमा रहने सुन्दरी) लाई बोलाई राजकुमारी उषाले हुलिया बताएअनुसारको चित्रलेखाले चित्र कोर्दा ती युवकको अनुहार द्वारिका नगरीका अनिरुद्र (भगवान श्रीकृष्णका नाति) सँग ठ्याक्क मिलेकोले रातारात चित्रलेखालाई समेत पठाई अनिरुद्रलाई लिन पठाए । राती सुतिरहेका

अनिरुद्रलाई खाट समेत उठाई अपहरण गरी ल्याएर शोणितपुरमा लुकाएर राखे । त्यो कुरा भगवान् श्रीकृष्णले थाहा पाएर वाणासुरसँग लडी उनको धमण्ड चकनाचुर पारिदिए भन्ने पौराणिक मान्यताले यो क्षेत्र द्वापरयुगदेखि नै महत्वपूर्ण रहेको थियो भन्ने साहित्यिक स्रोतबाट पुष्टि हुन आउँछ ।

प्रस्तुत शोधको मूल लक्ष्य शोध समस्यासँग सम्बद्ध क्षेत्रमा विद्यमान रिक्तताको परिपूर्ति गर्नु र तत्सम्बद्ध नवीन ज्ञानको निर्माण गर्नु हो । यस शोधमा शोणितपुर क्षेत्रको पहिचान गरी त्यहाँको ऐतिहासिकता, भौतिक संस्कृति र अभौतिक संस्कृतिको बारेमा खोजी गर्नु थियो । जसले आगामी दिनमा शोध गर्न चाहनेहरुको लागि पृष्ठपोषण प्रदान गर्नु र यो क्षेत्रका थप समस्याको बारेमा जानकारी दिनु यस शोधको औचित्य हो ।

प्रस्तुत शोध कार्यमा गुणात्मक विधि प्रयोग गरी यसअन्तर्गतका वर्णनात्मक र विवरणात्मक पद्धतिबाट तथ्यको व्याख्या विश्लेषण गर्नुका साथै स्वानुभाविक विधिको समेत उपयोग गरिएको छ। शोधको अध्ययन समयमा व्यवस्थित हिसाबले कतिपय जात्रा पर्व र संस्कृतिको प्रत्यक्ष अवलोकन गरिएको छ भने यस शोधका लागि शोधार्थीले यसअघि विभिन्न जात्रामा सहभागी भएर अवलोकन र तथ्यांक संकलन गरेको थियो । शोधको मूल ढाँचा गुणात्मक भएकाले यसको प्रकृति विश्लेषणात्मक छ । शोधको विषयलाई दार्शनिक चिन्तन, सैद्धान्तिक मान्यता, सामाजिक परिवेश र सामाजिक मान्यताजस्ता विशेषताले प्रभाव पारेको छ ।

# विषय सूची


सिफारिस पत्र २

शोध विशेषज्ञको मन्तव्य ३

प्रतिबद्धता पत्र ४

कृतज्ञता ५

शोधसार ६


## अध्याय एक

## शोधको परिचय


१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ अवधारणात्मक कार्यस्वरुप ४

१.६ शोधको सीमा ५

१.७ शोधको महत्व ५

१.८ शोधको विधि ६

१.८.१ शोधको क्षेत्र र सीमा ६

१.८.१.१ शोधको क्षेत्र ६

१.८.१.२. शोधको सीमा ७

१.८.२ अनुसन्धानको चरण एवं प्रक्रिया ७

१.८.३ शोधको ढाँचा ८

१.८.४ शोधको दृष्टिकोण ८

१.८.५ तथ्यांक संकलन विधि ९

१.८.६. नमुना छनोट ९

१.८.६. स्रोत संकलन विधि ९

१.८.७.१. प्राथमिक स्रोत ९

१.८.७.१. द्वितीयक स्रोत १०

१.९ शोधको रुपरेखा १०

**परिच्छेद : दुई**

**चन्द्रागिरि नगरपालिकाको ऐतिहासिकता र सांस्कृतिक विकासक्रम**

२.१ विषय प्रवेश १२

२.२. शोध क्षेत्रको परिचय १२

२.३ चन्द्रागिरि भेगको ऐतिहासिक पृष्ठभूमि १३

२.४. शोणितपुरको पौराणिक विश्वास १४

२.५. पौराणिक ग्रन्थहरुमा शोणितपुरको चर्चा १५

२.६. थानकोट क्षेत्रसँग जोडिएको वाणासुर, उषा र अनिरुद्रको कथा १६

२.७. शोणितपुरको इतिहास १६

२.८. शोणितपुरको लिच्छविकालीन इतिहास १७

२.९. शोणितपुरको मध्यकालीन इतिहास १८

२.१० आधुनिककालमा शोणितपुर क्षेत्र १८

## अध्याय तीन

## शोणितपुर क्षेत्रको भौतिक संस्कृति एवम् विकासक्रम

३.१. विषय प्रवेश २०

३.२ शोणितपुर क्षेत्रका महत्वपूर्ण मन्दिर एवं मूर्तिहरु २०

३.३. शोणितपुर क्षेत्रमा रहेका लिच्छविकालीन शिलालेख २३

३.४. शोणितपुर क्षेत्रमा रहेका मध्यकालीन शिलालेख २५

३.५. शोणितपुर क्षेत्रमा रहेका अन्य सांस्कृतिक सम्पदाहरु २६

## अध्याय चार

## शोणितपुर क्षेत्रको अभौतिक संस्कृति एवं परम्परा

४.१. विषय प्रवेश २९

४.२. नेपालको सांस्कृतिक विकासक्रम २९

४.३. थानकोट र शोणितपुर क्षेत्रको सांस्कृतिक विकासक्रम ३०

४.४. नेवार समुदायमा जातीय विभाजन ३१

४.५. शोणितपुर क्षेत्रका संस्कृतिहरु ३२

४.५.१ शोणितपुर क्षेत्रमा मनाइने चार्डपर्वहरु ३२

४.५.२. शोणितपुर क्षेत्रमा प्रचलनमा रहेका संस्कारहरु ३९

४.५.२. शोणितपुर क्षेत्रमा प्रचलनमा रहेका जात्रा एवं पर्वहरु ४४

४.५.३ शोणितपुर क्षेत्रमा विद्यमान गुठीहरु ५०

## अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

६.१ विषय परिचय ५२

६.२ प्राप्ति ५२

६.३ निष्कर्ष ५४

सन्दर्भग्रन्थसूची ५४

# अध्याय एक

# शोधको परिचय

## १.१ पृष्ठभूमि

काठमाडौंको चन्द्रागिरि क्षेत्र विभिन्न संस्कृति इतिहास र पुरातात्विक प्रमाणले यो क्षेत्र महत्वपूर्ण मान्न सकिने आधार देखिन्छ । नेपाल उपत्यका धेरै पहिलेदेखि महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलको रुपमा रहेको देख्न सकिन्छ । झनै राजधानी शहर काठमाडौंको इतिहास हेर्दैजाँदा तालको रुपमा रहेको काठमाडौंमा पानी घटेसँगै गोपालवंशीहरूले बसोबास गरेको भन्ने साहित्यिक स्रोतमा उल्लेख छ । गोपालवंशीहरूले यहाँ कहिलेदेखि शासन गरे भन्ने विषय अझै खोजीको विषय बनेको छ ।काठमाडौं उपत्यका र पूरा नेपाल पुरातात्विक दृष्टिले महत्वपूर्ण क्षेत्र हो । कतै लिच्छविकालीन संरचना त कतै मध्यकाल र कतै प्राचीन बस्ती समेत रहेको मानिने विभिन्न क्षेत्रमध्ये चन्द्रागिरिको थानकोट क्षेत्र पनि एक हो ।

काठमाडौं उपत्यकाको मुख्य चार भञ्ज्याङ्गमध्येको एक मानिने चन्द्रागिरिको काखमा अवस्थित यो क्षेत्रलाई पहिले शोणितपुरको नामले चिन्ने गरिएको थियो । चन्द्रागिरि र दहचोक डाँडोको बीचमा रहेको यो भूभागलाई लिच्छवीकालमा 'थेन्चोग्राम' र 'शिताटी' द्रंगको रूपमा चिनाउने गरिएको थियो (बज्राचार्य, २०३०) । प्रशासनिक दृष्टिकोणले महत्वपूर्ण यो क्षेत्रलाई पछि 'तल' र 'द्रङ्ग'को रूपमा क्रमशः विकसित गराउँदै लगिएको धनबज्र बज्राचार्यको लिच्छवि अभिलेखमा उल्लेख भेटिन्छ । यहाँ इतिहास मात्रै नभएर सांस्कृतिक दृष्टिले समेत यो क्षेत्र महत्वपूर्ण रहेको मान्न सकिन्छ । लिच्छवीकालमा यहाँको प्रशासनिक तथा दशैं पूजाको साथै अन्य पर्वपूजा सञ्चालनको दृष्टिकोणले अति महत्वपूर्ण मानिएको ठाउँ 'क्वाथ' (कोतघर)अहिले पनि यथास्थानमा रहेको छ । यीबाहेक पनि कैयौँ सांस्कृतिक एवंधार्मिक गतिविधिहरू यो क्षेत्रमा हुने गरेको छ। यही सन्दर्भमा यहाँको सांस्कृतिक अध्ययन आवश्यक भएकाले यो शोधपत्र तयार पारिएको छ ।

## १.२ समस्याको कथन

अध्ययन क्षेत्रभित्र पर्ने खासगरी सांस्कृतिक, धार्मिक एवं पौराणिक महत्वका दृष्टिले महत्वपूर्ण सम्पदाहरूको खोजी गर्ने, त्यहाँका बासिन्दाको सांस्कृतिक परम्पराको बारेमा थप अध्ययन नहुनुलाई नै यस अध्ययनको मूल समस्याका रुपमा पहिचान गरिएको छ । यसै मूल समस्यामा केन्द्रित भई यस अध्ययनमा देहायका विषयहरूको अध्ययनको समस्याको रुपमा पहिचान गरिएको छ ।

क. यस क्षेत्रको ऐतिहासिकता र सांस्कृतिक विकासक्रम खोजी नहुनु,

ख. यस क्षेत्रका रहेका भौतिक संस्कृतिको विषयमा खोजी र अध्ययन नहुनु,

ग. यस क्षेत्रमा विद्यमान अभौतिक संस्कृतिका विषयमा अध्ययन तथा व्याख्या विश्लेषण नहुनु,

## १.३. शोधको उद्देश्य

थानकोट क्षेत्रको सांस्कृतिक अध्ययनको निम्नलिखित उद्देश्यहरू छन् ।

क. यस क्षेत्रको ऐतिहासिकता र सांस्कृतिक विकासक्रम खोजी गर्ने,

ख. यस क्षेत्रका रहेका भौतिक संस्कृतिको खोजी र अध्ययन गर्ने,

ग. यस क्षेत्रमा विद्यमान अभौतिक संस्कृतिको खोजी र अध्ययन गर्ने,

## १.४ पूर्वकार्यको समीक्षा

हरेक अनुसन्धानमा प्रस्तावित शोध सम्बन्धमा यसअघि भए गरेका कामको समीक्षाबाट आरम्भ हुने गर्दछ । पूर्वकार्यको समीक्षाले यसअघि भएका उपलब्धिहरूको जानकारी दिने गर्दछ र त्यसको पृष्ठभूमिमा रहेर आगामी दिनमा गर्नुपर्ने कामको पहिचान हुन सक्छ । यो शोधका लागि निम्नानुसार पूर्वसाहित्यको अध्ययन गरिएको छ ।

*श्रेष्ठ, तेजप्रकाश* (वि.सं.२०६३) द्वारा लिखित *शोणितपुर हो प्राचीन नाउँ* नामक पुस्तकमा यहाँको करिब दुई दशकअघिको संस्कृति र परम्पराको बारेमा उल्लेख गरिएको छ । त्यहाँ रहेका गुठीहरु, त्यहाँका जात्रा परम्पराहरुको बारेमा लेखिएको सो पुस्तक यस शोधका लागि महत्वपूर्ण स्रोत

सामग्रीको रुपमा प्रयोग गरिएको छ । यद्यपि यस पुस्तकमा शोणितपुरको इतिहासको बारेमा सीमित विषय उल्लेख भएको भए पनि भौतिक र अभौतिक सम्पदाहरुको विस्तृतमा अध्ययन नभएको र यहाँका मूर्ति एवं अभिलेखहरुको पनि विस्तृत उल्लेख नभएकोले यो शोधमा सो अभावलाई पूर्ति गरिएको छ ।

*पुरातत्वविद् समाज नेपाल* (२०७०) ले अध्ययन गरी प्रकाशित गरेको *काठमाडौं उपत्यकाको सांस्कृतिक तथा पुरातात्विक स्थलहरुको अध्ययन* प्रतिवेदनमा शोणितपुर क्षेत्रमा रहेका विभिन्न मूर्तिहरु, एवं अन्य भौतिक संस्कृतिको बारेमा उल्लेख गरिएको छ । समग्र काठमाडौंको सांस्कृतिक एवं पुरातात्विक स्थलको परिचय दिने क्रममा यस क्षेत्रमा रहेका सम्पदालाई यस शोधमा उपयोगी स्रोत ग्रन्थको रुपमा सो प्रतिवेदनलाई पनि प्रस्तुत गरिएको छ । तर यो प्रतिवेदनमा पनि यस क्षेत्रका केही अभिलेख र मूर्तिहरुको बारेमा उल्लेख गरेको भए पनि यस क्षेत्रका अभौतिक संस्कृति र भौतिक संस्कृतिको बारेमा विस्तृत अध्ययन हुन नसकेकोले यो अभाव पूर्ति गर्ने प्रयास यो शोधमा गरिएको छ ।

*अधिकारी, बमबहादुर* (२०७५) द्वारा प्रकाशित पुस्तक *नेपालको बृहत् इतिहासको झलक*मा चन्द्रागिरि क्षेत्रको ऐतिहासिकताको बारेमा उल्लेख गरिएको छ । सो पुस्तकमा ठोस पुरातात्विक प्रमाणले पुष्टि गर्न नसके पनि गोपालहरु द्वारिकाबाट श्रीकृष्णका साथ आएर पद्याकाष्ठगिरि (वर्तमान कीर्तिपुर)मा आएर बसोबास गरेको उल्लेख सत्यको नजिक रहेको उल्लेख गरिएको छ । गोपालवंशी राजाहरुको शासनकालका बारेमा एकरुपता नपाइए पनि सबैभन्दा भरपर्दो गोपालवंशावलीमा यसको बारेमा उल्लेख रहेको कुरा इंकित गरिएको छ । चन्द्रागिरि क्षेत्रको सांस्कृतिक विकासबारे उल्लेख गर्ने कममा यो पुस्तकले पनि पूर्वप्रकाशित स्रोतको रुपमा उल्लेख गरेको छ । तर यसमा पनि नेपालको इतिहासको चर्चा गर्ने कममा चन्द्रागिरिको सामान्य इतिहासको बारेमा उल्लेख गरेको भए पनि यसले शोणितपुर क्षेत्रको इतिहासको बारेमा उल्लेख गरेको छैन । अतः यसलाई स्रोत सामग्रीको रुपमा उल्लेख गर्दै यसमा भएको अभावलाई यो शोधमा पूर्ति गर्ने प्रयास गरिएको छ ।

*ढकाल, वेणीमाधव,* (अनु) (वि.सं. २०१३)द्वारा अनुवादित पुस्तक *हिमवत्खण्ड* मा वाणासुर, दानासुरजस्ता दानवको वध गरेको चन्द्रागिरि पर्वतको फेदिको उल्लेख गरिएको छ । यसलाई पनि यस शोधमा स्रोत सामग्रीको रुपमा उल्लेख गरिएको छ । यस पुस्तकमा वाणासुर राक्षसको चर्चा

गरिनुका साथै यसको वधको बारेमा पनि उल्लेख गरिएको छ । तर सो वाणासुर राक्षस र उसको सुवर्णपुरीको यकिन स्थानको बारेमा उल्लेख भएको भेटिँदैन । अतः यो शोधमा किंवदन्ती र विभिन्न साहित्यिक स्रोतको आधारमा यो अभावलाई पूर्ति गर्ने प्रयास गरिएको छ ।


बज्राचार्य, धनबज्र (वि.सं. २०३०) ले लिच्छविकालको अभिलेख नामक पुस्तकमा काठमाडौंसँग सम्बन्धित विभिन्न अभिलेखहरूको बारेमा उल्लेख गरेका छन् । यसमा पनि थानकोट क्षेत्रमा रहेका विभिन्न लिच्छविकालीन अभिलेखहरुको बारेमा उल्लेख गरिएको छ । तर यसमा अभिलेखमा उल्लेख भएका विषयबाहेक अन्य भौतिक तथा अभौतिक संस्कृतिको बारेमा उल्लेख भएको छैन । यही अभावलाई यो शोधमा पूर्ति गर्ने प्रयास गरिएको छ ।

यसबाहेक पनि योगी नरहरिनाथद्वारा लिखित हिमवत् पुराण प्रकाश काशी योग प्रचारिणीमा भगवान् श्री कृष्णको नेपाल आगमनपूर्व नै यहाँको बस्ती आवाद भइसकेको कुरा उल्लेख गरिएको छ । यस पुस्तकले पनि इतिहास र संस्कृतिको क्षेत्रमा ठूलो योगदान दिएको छ । यसमा पनि श्रीकृष्णको नेपाल आगमनको समयमा गोपालहरु सँगै आएर हालको मातातीर्थ क्षेत्रमा बसोबास गरेको उल्लेख गरिएको छ । त्यस्तै, गोपालराज वंशावलीलाई काठमाडौंलाई केन्द्र मानेर शासन गर्ने विभिन्न राजाहरुको बारेमा उल्लेख गरिएको छ । यस अध्ययनको पूर्वकार्यको लागि पूर्णिमालगायत ऐतिहासिक अनुसन्धानमूलक जर्नल अध्ययन गरिने छ ।

## १.५. अवधारणात्मक कार्यस्वरूप

यस शोधले शोणितपुर क्षेत्रको संस्कृति र परम्परा विविध पक्षबारे अध्ययन गर्नेछ । त्यसैले यसको अवधारणागत कार्यस्वरूप निम्नानुसार रहेको छ ।

**तलिका १**




## १.६ शोधको सीमा

प्रस्तुत अध्ययनको सीमा हालको चन्द्रागिरि नगरपालिकाको वडा नं ४ मा पर्ने प्राचीन शोणितपुर मानिएको क्षेत्रभित्र मात्रै रहेको छ । विषयगत सीमाअन्तर्गत् यो अध्ययन सो क्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक पक्षमा मात्रै केन्द्रित रहेको छ । यस अध्ययनमा सो क्षेत्रको संस्कृति, त्यहाँ रहेका अभिलेख एवंमूर्तिकलाको प्रतिमा लक्षणको बारेमा सामान्य मात्रै व्याख्या गरिएको छ ।

## १.७. शोधको महत्व

शोणितपुर क्षेत्र नेपालको इतिहासमा महत्वपूर्ण व्यापरिक एवंअन्य दृष्टिले महत्वपूर्ण क्षेत्र हो । यस यही क्षेत्र हो भन्ने विश्वास छ, जहाँ गोपालवंशीहरुले पहिलो पटक हालको काठमाडौं उपत्यकामा पाइला टेकेका थिए । यो भेग काठमाडौंको पानी चोभारबाट बाहिर लैजानुपूर्व यही क्षेत्र हुँदै काठमाडौंबाहिर लैजाने चलन रहेको देखिन्छ । यस अध्ययनमा मुख्यतः शोध क्षेत्रभित्र रहेका इतिहास

बताउने पुरातात्विक महत्वको क्षेत्रको पहिचान एवंत्यसको ऐतिहासिकताबारे खोजी र त्यहाँको संस्कृतिको अध्ययन गरिएको छ । यो अध्ययनले यो क्षेत्रको इतिहास, संस्कृति र परम्पराको बारेमा जानकारी खोज्ने प्रयास गरेको छ । यसबाहेक पनि स्थानीयस्तरमा ती क्षेत्रको महत्वको बारेमा जानकारी भएर त्यो क्षेत्रको संरक्षणमा पनि यो अध्ययनले महत्वपूर्ण योगदान गर्छ भन्ने विश्वास गर्न सकिन्छ ।

## १.८. शोध विधि

शोध विधि कुनै पनि अनुसन्धानलाई वैज्ञानिक ढंगले तार्किक निष्कर्षमा पुऱ्याउने एउटा महत्वपूर्ण पद्धति हो । यो शोधलाई पनि पूर्णता दिनका लागि विभिन्न सिद्धान्तमा आधारित अनुसन्धान पद्धतिको अवलम्बन गरिएको छ । सम्बन्धित विषयका समस्याको पहिचान र उद्देश्य निर्धारण, अनुसन्धानको ढाँचा निर्माण, अध्ययन क्षेत्रको छनोट आदिमा प्रचलित शोध विधिको प्रयोग गरिएको छ । यस शोधपत्र तयार पार्ने क्रममा आधुनिक शोधविधिको पूर्णतः अनुशरण गरिएको छ । त्यसैले यस प्रसंगमा शोधकार्यको समग्र विधि वा पद्धतिको विषयमा स्पष्ट पार्नु उचित देखिन्छ ।

### १.८.१ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र तयार पार्नका लागि तल उल्लिखित शोधको क्षेत्र र सीमामा आधारित भएर तथ्यांक संकलन गरिएको छ ।

#### १.८.१.१ शोधको क्षेत्र

शोणितपुर क्षेत्रको अध्ययन आफैंमा गहिरो र व्यापक अध्ययन हो । यहाँ लिच्छविकालसम्मको लिखित इतिहास भेटिएको छ भने प्राग् मानवको समेत बसोबासको सम्भावना उल्लेख गरिएको पाइन्छ । अतः यो क्षेत्रको अध्ययन व्यापक हुँदाहुँदै पनि यस शोधमा यो भेगको मूर्त सम्पदाको बारेमा उल्लेख गर्दै त्यसको अमूर्त सम्पदासँगको सम्बन्धको बारेमा समेत उल्लेख गरिएको छ । यो शोधमा शोणितपुर क्षेत्रको विषयगत सीमा र उद्देश्यगत सीमा गरी दुई भागमा विभाजन गरेर यसलाई तयार पारिएको छ । यो शोधमा शोणितपुर क्षेत्रको इतिहास, यहाँको सांस्कृतिक पक्ष, त्यहाँको

परम्परा आदिलाई विषयगत सीमामा राखेर चर्चा गरिएको छ । साथै, प्राप्त स्रोतको आधारमा त्यहाँको परम्परागत संस्कृतिको बारेमा उल्लेख गर्दै तत्कालीन संस्कृतिको अध्ययन गर्दै वर्तमान संस्कृतिको विशिष्ट पक्षको बारेमा विश्लेषण गरिएको छ ।

### १.८.१.२ शोधको सीमा

विषयवस्तुका दृष्टिले यस शोधको मुख्य सीमा काठमाडौंको पश्चिमी क्षेत्रमा पर्ने चन्द्रागिरि नगरपालिकाको वडा नं ४ मा रहेको शोणितपुर क्षेत्रभित्र सीमित रहने छ ।स्थानीयको भनाइमा शोणितपुर क्षेत्र भन्नाले उत्तरमा द्वँ खुसी, पूर्वमा हिजा खुसी, पश्चिममा चाँप खोला, दक्षिणमा चन्द्रागिरि डाँडो रहेको छ (स्थानीय बुद्धिजीवी एवं स्थानीय संस्कृतिविद् पूर्णबहादुर गोपालीसँगको अन्तर्वार्ताबाट) । यही चौघेराभित्रको भेगलाई शोधको भौगोलिक सीमाको रुपमा तय गरिएको छ । विषयवस्तुगत सीमाको रुपमा यो शोधमा शोणितपुर क्षेत्रको इतिहास, संस्कृति र परम्परालाई मुख्य आधार बनाइएको छ ।

### १.८.२ शोधको चरण

यस शोधमा शोणितपुर क्षेत्रको संस्कृति, परम्परा र त्यहाँ मानिने संस्कारलगायतका विभिन्न पक्षमा केन्द्रित रहेर परम्परागत शोणितपुर र आधुनिक शोणितपुरको बीचमा रहेको भिन्नताको विश्लेषण गरिएको छ । यसको लागि शोधको निम्न चरण एवं प्रक्रिया पूरा गरिएको छ ।

**तालिका २**

अनभवसिद्ध ज्ञानको प्रयोग

पुर्वकार्य समीक्षा

- विषय छनोट
- समस्याको पहिचान
- उद्देश्य निर्धारण
- अनुसन्धानको ढाँचा तय
- सीमा निर्धारण
- तथ्यांकको स्रोत पहिचान
- तथ्यांकको संकलन
- तथ्यांक प्रशोधन, वर्गीकरण, विश्लेषण र प्रस्तुतीकरण

| |
|---|
| प्रारम्भिक शोधपत्र उत्पादन |
| अन्तिम शोधपत्र उत्पादन |

### १.८.३. शोध ढाँचा

प्रस्तुत शोध सांस्कृतिक अन्वेषणमा आधारित छ । यो शोधमा शोणितपुर क्षेत्रभित्रको संस्कृतिको अध्ययन गरिएको छ । ऐतिहासिक र सांस्कृतिक पक्ष उजागर गर्नको लागि अन्वेषणात्मक र विश्लेषणात्मक ढाँचा महत्वपूर्ण मानिन्छ । त्यसैले यस शोधकार्य गुणात्मक प्रकृतिको छ भने यस शोधका लागि छानिएका तथ्यांकहरू पनि गुणात्मक प्रकृतिकै छन् ।

### १.८.४. शोधको दृष्टिकोण

विश्वमा अनेकौं सिद्धान्तहरुको विकास भएको छ । सोही सिद्धान्तहरुको आधारमा अनेकौं शोधको दृष्टिकोणको विकास हुने गरेको छ। संस्कृतिको निर्माण वा विकासका सम्बन्धमा संसारमा प्रतिपादन भएका अनेक सिद्धान्तहरूलाई यो शोधको दृष्टिकोणको छनोटमा समेटिएको छ। संस्कृति उद्विकास प्रक्रियाबाट निर्माण हुन्छ भन्ने उद्विकासवाद, संस्कृति प्रसार हुने प्रक्रियाबाट निर्माण हुन्छ भन्ने प्रसारवाद, संस्कृति स्थानीय पर्यावरणबाट निर्माण हुन्छ भन्ने सांस्कृतिक पर्यावरणवाद तथा संस्कृति समाजको कुनै पनि अमूक कार्य सम्पन्न गर्नका लागि जन्मिन्छ भन्ने प्रकार्यवादजस्ता अनेकौं स्थापित सिद्धान्तहरू रहेका छन् । यस्ता अमूक सिद्धान्तमा आधारित रहेर स्थापित सिद्धान्त परीक्षण गर्ने शोध दृष्टिकोणलाई निगमनात्मक शोध दृष्टिकोण भनिन्छ। यसबाहेक कतिपय शोध कार्यहरूमा कुनै पनि सिद्धान्तको परीक्षण र परख नगरी स्थानीय तथ्यहरूबाटै कुनै नवीन सत्य खोजी गर्ने गरिन्छ भने यस प्रकृतिको शोधलाई आगमनात्मक शोध दृष्टिकोण भनिन्छ । यस शोधमा निगमनात्मक दृष्टिकोणको प्रयोग गरिएको छ ।

### १.८.५. तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययनको महत्वपूर्ण हिस्सा भनेको नै तथ्याङ्क हो । तथ्याङ्कको संकलनले नै शोधको विश्वसनीयता र परिपक्वता निर्माण गर्दछ । तथ्याङ्कको अभावमा कुनै पनि अनुसन्धान पूरा हुन सक्दैन । समस्याको वैज्ञानिक र समुचित समाधानका लागि यस शोधमा गुणात्मक तथ्यांकको प्रयोग गरिएको छ। यसैगरी यो शोधको प्रकृति पनि गुणात्मक छ। तथ्याङ्क संकलनका लागि उद्देश्यमूलक नमुना छनौट विधि अपनाइएको छ। यस शोधका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्यांक सङ्कलन गरी विश्लेषण गरिएको छ।

### १.८.६. नमुना छनोट

प्रस्तुत शोधका क्रममा उद्देश्यगत नमुना छनोट पद्धतिबाट शोणितपुर क्षेत्रका उत्तरदातालाई छनोट गरिएको छ । जसमा अन्तर्वार्ताकारको रुपमा स्थानीय पुजारी, स्थानीय बुद्धिजीवी, संस्कृतिविद्लाई त्यहाँको इतिहास र परम्पराबारे व्यवस्थित रुपमा प्रश्न तयार पारेर अन्तर्वार्ता गरिएको छ।

### १.८.७ स्रोत संकलन विधि

यो शोधका लागि गुणात्मक अनुसन्धान ढाँचाको अवलम्बन गरिएको छ। त्यसैले यसलाई पूर्णरुपले गुणात्मक प्रकृतिको अनुसन्धानको रुपमा अघि बढाइएको छ । यस प्रकृतिका अनुसन्धानको लागि तथ्यहरु संकलनका पनि विशिष्ट विधि र पद्धतिहरु अपनाइएको छ । विशेषगरी यस अध्ययनको लागि आवश्यक पर्ने तथ्यहरु मुख्यरुपले निम्न दुई स्रोतहरुबाट संकलन गरिएको छ।

### १.८.७.१. प्राथमिक स्रोत

प्राथमिक स्रोतअन्तर्गत् शोणितपुर क्षेत्रको इतिहास, मूर्त र अमूर्त संस्कृतिको अध्ययन तथा पुरातात्विक महत्वका क्षेत्रको खोजी गर्नका निम्ति सम्भावित सांस्कृतिक सम्पदाको स्थलगत अवलोकन गर्ने, स्थानीय एवंविज्ञहरुसँगको अन्तर्वार्ता एवंफोटोग्राफीको प्रयोग गरिएको छ। प्राथमिक स्रोतका विभिन्न आयामहरुलाई तल उल्लेख गरिएको छ।

## क. स्थलगत अवलोकन

शोध क्षेत्रसँग सम्बन्धित क्षेत्रमा प्रचलनमा रहेका जात्रा तथा चाडपर्वलाई शोधार्थीले प्रत्यक्ष अनुभव गरेर त्यसैको आधारमा तथ्यांक प्रस्तुत गरिएको छ । स्थलगत अवलोकनअन्तर्गत् शोध क्षेत्रभित्रका विभिन्न पुरातात्विक स्थलमा स्वयम् उपस्थित भएर त्यसको कला वास्तुकलाजस्ता सम्पदाहरुको अवलोकन गरी त्यसको टिपोर्ट त्यसलाई प्रतिवेदनमा तयार पारिएको छ ।

## ख. अन्तर्वार्ता

अन्तर्वार्ताअन्तर्गत् चन्द्रागिरि नगरपालिकाभित्र पर्ने शोणितपुर क्षेत्रभित्र रहेका विभिन्न मन्दिरका पुजारी, स्थानीय बुद्धिजीवी, गुठियार, अनुसन्धानकर्तालगायतसँग अन्तर्वार्ता लिइएको छ । यीबाहेक यस क्षेत्रको बारेमा जनधारणा, लोक विश्वास, किंवदन्ती तथा यस क्षेत्रमा रहेका विभिन्न मूर्ति, कला तथा मन्दिरको वास्तुकलालगायत मूर्त तथा अमूर्त संस्कृतिको बारेमा सम्बन्धित क्षेत्रका विद्वान तथा जानकारहरूसँग अन्तर्वार्ता लिएर पनि तथ्यांक संकलन गरिएको छ ।

## ग. फोटोग्राफी

शोध क्षेत्रभित्र रहेका मूर्त सम्पदाहरुको तस्वीर एवंअमूर्त सम्पदाअन्तर्गत् जात्रा पर्वहरुको तस्वीर संकलन गरिएको छ ।

## १.८.७.१. द्वितीयक स्रोत

यस क्षेत्रको अध्ययनका निम्ति आवश्यक पर्ने तथ्यहरू पूर्वप्रकाशित पुस्तक, विभिन्न हिन्दु तथा बौद्ध धर्मग्रन्थ एवंसाहित्य, लेख, शोध प्रतिवेदन, सम्पदा सूचीकृत साहित्यआदि द्वितीय स्रोतको अध्ययन गरिनेछ। सम्पूर्ण संकलित तथ्याङ्कहरूको विवेचना गरी विवरणात्मकरुपमा तिनको विश्लेषण गरिएको छ । तथ्यहरूको वर्णन गर्ने क्रममा अनुसन्धानका सम्पूर्ण नियम पालना गरी उपयुक्त स्थानमा सन्दर्भसहित तथा अन्तर्वार्ता लिइएकाहरूलाई उद्धृत गर्दै प्रतिवेदन तयार गरिएको छ। अनुसन्धानबाट प्राप्त नतिजा छलफल गरी निष्कर्ष दिइएको छ ।

यस शोधमा सङ्कलन गरिएका तथ्याङ्कहरूको गुण तथा विशेषताको आधारमा आवश्कताअनुरूप विभिन्न वर्गमा वर्गीकरण गरिएको छ । त्यसपछि अनुक्रमको आधारमा परिच्छेद, शीर्षक तथा

उपशीर्षकमा विभाजन गरी विवरण तयार पारिएको छ। यस शोधमा विभिन्न किसिमको तथ्यहरूलाई सम्पादन गर्ने गरी विवरणात्मक तथा विश्लेषणात्मक पद्धतिबाट विश्लेषण गरिएको छ।

## १.८. शोधको रुपरेखा

प्रस्तुत शोधमा पाँच अध्याय हुनेछ। जुन निम्नानुसार रहेको छ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : शोणितपुर क्षेत्रको ऐतिहासिकता र सांस्कृतिक विकासक्रम

अध्याय तीन : शोणितपुर क्षेत्रको भौतिक संस्कृति र विकासक्रम

अध्याय चार : शोणितपुर क्षेत्रको अभौतिक संस्कृति र विकासक्रम

अध्याय पाँच : निष्कर्ष र सुझाव

# अध्याय दुई

# चन्द्रागिरि नगरपालिकाको ऐतिहासिकता र सांस्कृतिक विकासक्रम

## २.१ विषय प्रवेश

यस अध्यायमा शोणितपुर क्षेत्रको भौगोलिक अवस्थिति, यसको पौराणिक कथा एवंयो क्षेत्रको नाम शोणितपुर राख्नुपछिको ऐतिहासिक आधारको बारेमा वर्णन गरिएको छ । साथै, यस क्षेत्रको सांस्कृतिक विकासक्रमलाई पनि यस अध्यायमा अध्ययन गरिएको छ ।

## २.२. शोध क्षेत्रको परिचय

चन्द्रागिरिको काखमा अवस्थित शोणितपुर क्षेत्रलाई हाल थानकोटको नामबाट चिन्ने गरिन्छ । जुन चन्द्रागिरिको उत्तरी भेगमा अवस्थित छ । थानकोटलाई नेवारी भाषामा थक्वाः भनिन्छ । नेवार समुदायको बाहुल्यता रहेको यो ठाउँका बासिन्दा यहाँका आदिवासी हुन् । स्थानीय ६९ वर्षीय पूर्णबहादुर गोपालीका अनुसार पूर्वमा हिजा खुसी, उत्तरमा द्वँ खुसी, पश्चिममा चाँपखोला, दक्षिणमा चन्द्रागिरि डाँडाको बीच भागलाई शोणितपुर भनेर चिनिन्छ । केही स्थानीयले हालको पूरै थानकोटलाई शोणितपुर मान्ने गरेका छन् । शोणितपुर आफ्नो छुट्टै किसिमको ऐतिहासिक पहिचान बोकेको सुप्रसिद्ध गाउँ हो । शोणितपुर चन्द्रागिरि भञ्ज्याङ्गको उत्तरी भू-भागमा अवस्थित छ । थानकोटको भौगोलिक अवस्थिति २७°३९’५७” देखि २७°४२’०८” अक्षांश उत्तर र ८५°११’२९” देखि ८५°१४’०३” देशान्तर पूर्वमा पर्छ । यसको कूल क्षेत्रफल ७.९६१३५ वर्गकिलोमिटरमा फैलिएको छ । शोणितपुर नगरपालिका बागमती प्रदेशको काठमाडौं उपत्यकाको दक्षिणपश्चिम भागमा अवस्थित चन्द्रागिरि नगरपालिका ४३ दशमलव ९२ वर्ग किमी क्षेत्रफलमा फैलिएको छ । यो नगरपालिका साविकको ११ गाविसहरू पुरानो नैकाप भञ्ज्याङ, नयाँ नैकाप, थानकोट, महादेवस्थान, मातातीर्थ, काठमाडौंको मच्छेगाउँ, बलम्बु, दहचोक, तीनथाना, सतुङ्गल गाभिएर बनेको हो । चन्द्रागिरि नगरपालिकालाई १५ वटा वडामा विभाजन गरिएको छ । चन्द्रागिरि नगरपालिकाको पूर्वमा कीर्तिपुर नगरपालिका, पश्चिममा धुनिवेशी नगरपालिका, उत्तरमा नागार्जुन नगरपालिका र दक्षिणमा दक्षिणकाली नगरपालिका रहेको छ ।

## २.३ चन्द्रागिरि भेगको ऐतिहासिक पृष्ठभूमि

पुरानो नैकाप भञ्ज्याङ, नयाँ नैकाप, थानकोट, महादेवस्थान, मातातीर्थ, माछेगाउँ, बलम्बु, दहचोक, तिनथाना, सतुङ्गल गरी ११ वटा गाउँलाई एकीकरण गरेर बनेको चन्द्रागिरि नगरपालिका काठमाडौं जिल्लाको ऐतिहासिक सहर हो । यी प्रत्येक गाउँको आफ्नै ऐतिहासिक महत्व रहेको छ । चन्द्रागिरि नगरपालिका विभिन्न धार्मिक र ऐतिहासिक महत्वका कथा किंवदन्ती हरको छन् । हिमवत्खण्डमा लेखिएको वर्णनको सन्दर्भमा सतीदेवीको 'भला' वा निधार उनको शवबाट खसेको स्थानमा भालेश्वर महादेव देखा परेका थिए । धार्मिक समारोहमा निमन्त्रणा गरिएका सयौं देवीदेवताका अगाडि दक्षप्रजापतिले आफ्ना पति शिवको अपमान गरेपछि पिता दक्ष प्रजापतिको यज्ञमा शिवकी पत्नी सतीदेवीले आगोमा हाम फालेर ज्यान दिएको जनविश्वास छ । त्यसपछि क्रोधित शिवले उनको मृत शरीरलाई आफ्नो पिठ्युमा बोकेर सतीदेवीको सडेको शरीरको वास्ता नगरी लामो समयसम्म पागलझैं संसारभरि हिँडे । भगवान् शिवको शोकको क्रममा शरीरका विभिन्न अंगहरू खस्ने ठाउँहरूमा विभिन्न 'शक्ति केन्द्रहरू' स्थापना गरियो । सोही क्रममा चन्द्रागिरि पर्वतमा भला उत्पन्न भएको पौराणिक मान्यता रहेको छ ।

चन्द्रागिरि पहाडले ऐतिहासिक महत्व पनि बोकेको छ । यही पहाडबाट राजा पृथ्वीनारायण शाहले धेरै रमणीय र समृद्ध काठमाडौं उपत्यकाको पहिलो झलक देखेका थिए, जसले वास्तवमा राजाको मनमा उपत्यकालाई आफ्नो राज्यमा गाभ्ने विचार स्थापित गरेको थियो। लोककथाका अनुसार पृथ्वीनारायण शाहले यिनै पहाडहरूमा 'साधना' वा तपस्या गरेर आध्यात्मिक शक्ति प्राप्त गरेको मानिन्छ ।

काठमाडौं उपत्यकाका मल्ल राजाहरूले चिन्न नपरोस् भनेर गोर्खाली राजाले पहाड आरोहण गर्दा भेष धारण गरेका थिए भन्ने किंवदन्ती रहेको छ । राजा पृथ्वीनारायण शाहले चन्द्रागिरि पहाडमा हुँदा काठमाडौं उपत्यका कब्जा गर्ने इच्छा राखेको भनाइ छ । भालेश्वर महादेवले नै राजा पृथ्वीनारायण शाहको मनोकामना पूरा गरेको जनविश्वास छ । २९५ औं पृथ्वी जन्मजयन्तीको शुभअवसरमा सो घटनाको झल्को झल्काउने ढुङ्गा नक्काशी कार्यको स्थापना गरिएको हो (सुवर्ण गोपालीसँगको अन्तर्वार्ताबाट) ।

## २.४. शोणितपुरको पौराणिक विश्वास

द्वापरयुगमा धर्मदत्त नामका राजाले पनि यहाँ राज्य गरेका थिए । उनको शासनकालको एक हजार वर्षपछि बालिका छोरा बाणासुरले राज्य गरेका थिए । बाणासुरले स्वर्णमय बनाई शोणितपुर नगरी नामाकरण गरी यस ठाउँलाई राजधानी बनाएका थिए । बाणासुरको राजधानी शोणितपुर हाल थानकोट नामबाट चिनिन्छ । अग्लो ठाउँमा रहेको बस्तीको साथै लिच्छवी काल र मल्ल कालिन क्वाथः (थक्वाःथ) अर्थात् कोतघर (तत्कालीन समयममा प्रशासनिक कामकाज हुने ठाउँ) अपभ्रंश भई थानकोट बनेको बुझिन्छ (श्रेष्ठ, ई.सं. २०१९) ।

आशनाबाट जन्मेका बाणासुर दानव राजा बलि वैरोचनका सय सन्तानहरूमध्ये जेठा थिए । शिवका भक्त, पराक्रमी योद्धा र महाकाल, सहस्रबाहु र भूतराज भनेर चिनिने महाकालका प्रसिद्ध राक्षस राजा थिए वाणासुर । स्वर्णपुरी, शोणितपुर तथा लोहितपुरको नामले प्रसिद्ध एक राजधानी थियो । राक्षसहरूको क्रोधबाट पीडित ऋषिहरूको रक्षा गर्न, शंकरले आफ्नो तीन फलयुक्त बाणले राक्षसहरूको प्रसिद्ध तीन पुरीहरूलाई छेडेका थिए र अग्निदेवले तिनीहरूलाई भस्म गर्न थालेपछि उनले शंकर (मत्स्य) को पूजा गरेर आफ्नो राजधानी बचाए । त्यसपछि शंकरको पुत्र बन्ने इच्छाले कठोर तपस्या गरे । प्रसन्न भएर शिवले कार्तिकेयको जन्मस्थानको शासक बनाए ।

अनिरुद्धको चर्चित प्रेमकथाकी नायिका उषा उनकी छोरी थिइन् । जब कृष्णका छोरा प्रद्युम्न र प्रद्युम्नका छोरा अनिरुद्धबाट पूर्वरामको जन्म भएको थियो, सपनाको माध्यमबाट उनले उनलाई चित्रलेखाको सहयोगमा आफ्नो दरबारमा लगे र उनीहरू दुवै गोप्यरूपमा सँगै बस्न थाले । तर जब रहस्य खुल्यो, दुवै तीरले कब्जा गरे । यो कुरा थाहा पाएपछि कृष्णले बाणले आक्रमण गरे । भयंकर युद्ध भयो । अन्तमा, कृष्णले तीर मार्न सुदर्शन चक्र उठाए तर पार्वतीको हस्तक्षेप र आग्रहमा वाणासुरको चारवटा हात बाँकी राखेर सबै हात काटिदिए भन्ने पौराणिक कथा रहेको छ (ढकाल, वि.सं.२०७५, पृ.११७७) ।

## २.५. पौराणिक ग्रन्थहरुमा शोणितपुरको चर्चा

शोणितपुर पुरातन पौराणिक कथाअनुसार उषाका पिता बाणासुरको राजधानी थियो भन्ने कुरा महाभारतमा उषा-अनिरुद्ध प्रकरणको सन्दर्भमा उल्लेख छ । भनिन्छ, कृष्णका नाति अनिरुद्धले उषालाई यही ठाउँबाट अपहरण गरेका थिए र उनको बाणासुरसँग युद्ध भएको थियो ।

महाभारतको सभापर्वमा बाणासुरलाई शोणितपुरको राजा भनिएको छ । सो पर्वमा भनिएको छः

*तस्माल्लबध्वा वरान् बाणो दुर्लभान् स सुरैरपि, स शोणितपुरे राज्यं चकाराप्रतिमो बली (सातवलेकर, ई.सं. १९८२, पृ.२२१) ।*

अर्थात्, देवताहरूभन्दा पनि दुर्लभ वरदान प्राप्त गरेका वाणासुरले शोणितपुर राज्यमा शासन गरे ।

माथिको अध्यायको (दक्षिणात्यपथ)मा यस पुरीको वर्णन यस प्रकार छः

*अथासाद्य महाराज तत्पुरीं ददृशुश्च ते, ताम्रप्रकार संवीतां रूप्यद्वारैश्च शोभिताम् हेमप्रासाद सम्बाधां मुक्तामणिविचित्रिताम उद्यानवनसम्पन्नं नृत्तगीतैश्च शोभिताम तोरणैः पक्षिभिः कीर्णा पुष्करिण्या च शोभिताम् तां पुरीं स्वर्गसंकाशां हृष्टपुष्ट जनाकुलाम् (सातवलेकर, ई.सं. १९८२, पृ.२२३) ।*

अर्थात्, तब हे महाराजा, उनीहरू आएर तामाको लुगा लगाएको, चाँदीका ढोकाहरूले सजिएको, सुनको महलले सजिएको, मोती र रत्नहरूले रङ्गिएको, बगैंचा र वनहरूले सम्पन्न, नाचगान र गीतहरूले सजिएको त्यो सहर देखे । सहर आर्च र चराहरू र पोखरीले सजिएको थियो यो स्वर्गजस्तै देखिन्थ्यो र खुसी र राम्रो खुवाउने मानिसहरूको भीड थियो ।

त्यस्तै, विष्णुपुराणमा बाणासुरको राजधानी शोणितपुरको चर्चा गर्दै भनिएको छः

*तम शोणितपुरम् नीतम् श्रुत्व विद्याविग्ध्याय (गुप्त, वि.सं.२०७६, पृ.५१) ।*

श्रीमद्भागवतमा उषा-अनिरुद्धको कथाको सन्दर्भमा शोणितपुरलाई बाणासुरको राजधानी भनेर वर्णन गरिएको छ ।

*शोनिताख्ये शुद्ध राम्ये सा राज्यमक्रोत्पुरा, तस्य शम्भोह प्रसादेन किंकरा एव तेमर ।*

## २.६. थानकोट क्षेत्रसँग जोडिएको वाणासुर, उषा र अनिरुद्रको कथा

स्थानीयको भनाइमा बाणासुरको राजधानी शोणितपुर हालको थानकोट नै हो भन्ने थप पुष्टि गर्न बाणासुरले सैन्य अभ्यास गर्न हतियार (बाण) भण्डारण गर्ने र बाण हान्न बस्ने स्थान बाणस्थली हो । स्थानीय संस्कृतिका अध्येता भीमनारायण श्रेष्ठका अनुसार बाण हानेर पठाउने ठाउँ बाणभञ्ज्याङ्ग (हालसम्म पनि सो ठाउँहरुलाई बाणस्थली र बाणभञ्ज्याङ्ग अर्थात् बाडभञ्ज्याङ्ग)को नामबाट नै चिनिन्छ ।

थानकोट नै वाणासुरको राजधानी शोणितपुर हो भन्ने प्रष्ट पार्न राजा बाणासुरकी रुपवती सुपुत्री उषा र भगवान् श्रीकृष्णका नाति अनिरुद्रको वैवाहिक सम्बन्धको पक्ष लिन सकिन्छ । राजकुमारी उषाले सपनामा देखेकी राजकुमारसँग विवाह गर्ने इच्छा व्यक्त गरेकीले बाणासुरले चित्रलेखाको सहायताबाट श्रीकृष्णका नाति अनिरुद्रलाई राती सुती रहेको अवस्थाममा खाटसहित उठाई अपहरण गरी आफ्नो दरवारको कौशीमा ल्याई बन्दी बनाई राखेका थिए । त्यसरी राती निन्द्रामा रहेका अनिरुद्रलाई अपहरण गरी बाणासुरले लगेको कुरा भगवान् श्रीकृष्णले थाहा पाई दलबलसहित आई बाणासुरसँग युद्ध गरेका थिए । उक्त युद्धमा बाणासुरको घमण्ड तोडी आफ्ना नाति अनिरुद्रको बाणासुरका रुपवती राजकुमारी उषासित विवाह गरी दिएका थिए ।

शोणितपुरमा अनिरुद्रको बसाइँ रहेको बेला अनिरुद्र स्नान गर्न जाने खोला (गाउँको बीचबाट बगेको) को नाम भाजु ख्वाः सिलिईउ खुशी (ज्वाईंले स्नान गर्ने खोला) हाल अपभ्रंश भई हाल भाखवाःसि नामले चिनिन्छ । त्यस्तै, गाउँको पश्चिमतिरको खोला आलः खुशी (अनिरुद्रको लागि ज्यूनार, भान्छा र खाना पकाउन पानी लिने खोला) हाल अपभ्रंश भई आलखु नामबाट चिनिन्छ । त्यस्तै, गाउँको पूर्वतिरको खोलामा उषा महिनावारी हुँदा नुहाउने र महिनावारीको बखत लगाएको कपडा धुने खोला हिजा खुशी र मभिँ खुशी (फोहोर कपडा धुने र नुहाउने खोला) हाल अपभ्रंश भई उक्त खोला मँखु नामबाट चिनिन्छ । साथै, अनिरुद्रलाई अपहरण गरी ल्याएर कौशीमा बिसाएकाले पहिले यहाँका बासिन्दाहरुले घर बनाउँदा कौशी राखी बनाउन नहुने कथन प्रचलनमा छ (श्रेष्ठ, ई.सं. २०१९) ।

## २.७. शोणितपुरको इतिहास

पौराणिक हिसाबले शोणितपुरको इतिहास महाभारतकालसम्म भेटिन्छ। तर यसको लिखित इतिहास भने लिच्छविकालदेखि सुरु भएको देखिन्छ । यहाँको इतिहासको बारेमा भेटिएको प्रमाणलाई लिच्छविकाल, मध्यकाल र आधुनिक काल गरी तीन भागमा विभाजन गरेर व्याख्या गरिएको छ। लिच्छविकालमा अभिलेखहरु धार्मिक तथा प्रशानिक सुधारका लागि राखिएको हुन्थ्यो भने। राजाहरुको बारेमा पनि प्रष्टसँग लेखिएको हुन्थ्यो। प्रचानकालीन अभिलेखहरुमा अभिर गुप्तहरुको विशुद्ध धार्मिक भावनाबाट प्रेरित रहेको देखिन्थ्यो भने मध्यकालीन अभिलेखहरुमा यो क्षेत्रमा भावोहरुको उल्लेख धेरै पाइएको छ (पुरातत्वविद् समाज नेपाल, वि.सं. २०७०, पृ.२०)।

## २.८. शोणितपुरको लिच्छविकालीन इतिहास

लिच्छवीकालीन समयमा पनि यो थानकोट क्षेत्रको महत्वपूर्ण स्थान रहेको देखिन्छ । तत्कालीन राज्यप्रमुखहरूले यस क्षेत्रमा अभिलेख राखी त्यस क्षेत्रका बासिन्दाहरूलाई सम्बोधन गरी विभिन्न किसिमका करहरू माफी गरिदिएको तथा सरकारी अफिसरहरूले दुःख नदिनु भन्ने बन्धेज बाँधिएको पाइन्छ। मानदेवको नाति वसन्तदेवको पहिलो अभिलेख संवत् ४२८ को थानकोट आदिनारायणको अभिलेख मानगृहबाट प्रसारित छ । यस अभिलेखमा वसन्तदेवले आफ्नी बहिनी जय सुन्दरीको विवाह गुप्त वंशका कुनै व्यक्तिसँग गरिदिएर ती राजकुमारीलाई दाइजोको रूपमा थानकोट भेगको एउटा गाँउ दिएको कुरा अभिलेखबाट थाहा पाइन्छ। सो गाउँको नाम जयपल्लिकाग्राम भनिएको दान पाउने जयसुन्दरीकै नामको जय जोडिएको देखिन्छ (बज्राचार्य, २०३०, पृ.१०१)।

यो जयपल्लिकाग्राम नामको बीचमा जुन पल्लिका शब्द छ त्यसले महत्वपूर्ण तथ्यतिर संकेत गर्छ। आभिरहरूको बस्ती वा टोललाई आभिरपल्ली भनिन्छ भन्ने कुरा संस्कृत केशबाट थाहा पाइन्छ। यहि कुरा केही फेरिएको रूपमा जयपल्लिका ग्राममा देखिन्छ । गोपाल वा ग्वालाहरूको बस्ती गाउँलाई पल्ली भन्ने चलन रहेको पृष्ठभूमिमा जयसुन्दरीको विवाह आभीर गुप्तवंशी कुनै व्यक्तिसँग भएको अनुमान गर्न सकिन्छ । थानकोट क्षेत्र आभीर गुप्तहरूको केन्द्रस्थल रहेको र त्यही ती राजकुमारीलाई बिर्ता गाउँ दिइएकोले जय पल्लिकाग्राम भनिएको हुन सक्छ। संवत् ४८२ (ई ५६०) मा प्रसारित छ वटा एकै भाकाका शिलालेखहरू थानकोटको शोणितपुरदेखि बलम्बुसम्मको भेगबाट

पाइएका छन् । पहिलेका राजाबाट कुथेर र शुल्ली नामक अधिकरणले पस्न नपाउने गरी निगाह गरिएकोमा सर्वदण्डनायकमहाप्रतिहार श्री भौमगुप्तले लिङ्ग्वल र माप्चोक समेत चारै अधिकरणहरूले पञ्चपराधसम्बन्धी मुद्दामा पनि पस्न नपनउने गरी विन्ति गरेकोमा सोहीबमोजिम आज्ञा प्रसारित गरिएको कुरा ती अभिलेखहरूमा लेखिएको छ (बज्राचार्य, २०३०, पृ.१११) ।

यसरी लिच्छविकालमा पनि यस क्षेत्रमा बस्ती भएको थाहा पाइन्छ । यहाँ गुप्तवंशीहरूको बस्ती भएको र यहाँको केन्द्रसँग राम्रो सम्बन्ध रहेको बुझिन्छ साथै यहाँका गुप्तहरूको केन्द्रको शासनमा पनि हात रहेको वुझिन्छ । वसन्तदेवको अभिलेखबनाट यहाँका स्थानीय जनतालाई केही छुट दिएको र यहाँ चारै अधिकरण पस्न नपाउने व्यवस्था बाँधिदिएका थिए । यसकारण लिच्छविकालीन समयमा पनि यो क्षेत्रको महत्वपूर्ण स्थान थियो ।

## २.९. शोणितपुरमा मल्लकालीन इतिहास

मल्लकालीन समयमा यो क्षेत्र पाटन राज्यको कीर्तिपुर क्षेत्रअन्तर्गत रहेको कुरा विभिन्न स्रोतमा उल्लेख पाइन्छ । मल्लकालीन समयमा पनि यो क्षेत्र महत्वपूर्ण प्रशासनिक क्षेत्रको रुपमा रहेको कुरा त्यस क्षेत्रमा भेटिएका भएका मल्लकालीन अभिलेखमा भेटिन्छ । यो क्षेत्रमा मल्लकालका पनि प्रशस्त अभिलेख पाइएका छन् ।

थानकोट आदिनारायण मन्दिरको उत्तर परिसरमा ने.सं. ८०१ को शिलालेख छ । शिलालेखमा उक्त धर्मसिं दुवाल भारोले आफ्ना नाति हाकुसिं भारोलाई नायक बनाई आदिनारायणको मन्दिरमा ढुङ्गापेटी बनाएको कुरा उल्लेख भएको देखिन्छ । त्यसैगरी ने सं. ७८० को मल्यकालीन अभिलेख महामञ्जुश्री र सरस्वतीको मूर्तिरहेको फल्चामा पाइएको छ । आदिनारायणको प्राङ्गणमा ठडिएको खम्बामा ने.सं ७८८ को अभिलेख पाइएको छ । जसमा थंक्वाठ देश लयंगागृहका शिवराम दुवाल भारो यिनका जेठा छोरा मोतिराज दुवै जनाले बैकुण्ठबास होस् भनी श्री ३ नारायणलाई प्रसन्न पार्न यो ढुङ्गाको स्तम्भ राख्न लगाएका छन् (बज्राचार्य, २०३०, पृ.१२) ।

त्यस्तै, थानकोट शिखछेटोल आदिनारायणको शिलालेख संवत् ७८८ (ई.सं.१६६७)को अभिलेखमा वैष्णोदेवीलाई ढुंगाको गरुडध्वज, नरसिंहवाहन लगायत बनाएर चढाएको विषय परेको छ ।

मध्यकालमा भने यस क्षेत्रमा पुनः राज्यको उपस्थिति हुन थालेको देखिन्छ । यस क्षेत्रमा अहिलेसम्म यो क्षेत्रबाट ३४ वटा अभिलेख प्राप्त भएका छन् ।

## २.१० आधुनिककालमा शोणितपुर क्षेत्र

मल्लकालीन समयपछि आधुनिक कालमा आएर पनि यो क्षेत्र महत्वपूर्ण स्थानको रूपमा रहेको पाइन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणको क्रममा काठमाडौं उपत्यकाको बीचमा एकैचोटि युद्ध गर्नु घातक परिणाम हुने सम्भावना भएकाले छेउछाउका गाउँहरूमा अधिकार जमाउने नीति अनुरूप थानकोट भेगसँग जोडिएको दहचोकलाई आफ्नो अधिनमा पार्न दहचोकमा कान्तिपुरका राजाका सेनाको एउटा टुकडीले गढी बनाई बसेको थियो ।

त्यहाँबाट ती सिपाई धपाउँदा थानकोट वलम्बुका बस्तीमा असुरक्षाको वातावरण बढ्ने सम्भावना हुन्थ्यो । त्यसलाई अनुकुल पार्न पृथ्वी नारायण शाहले आफ्ना कुल देवताका पुजारी सुवेदार खान्गीका पण्डितलाई ती क्षेत्रमा पठाई गोर्खाली राजाप्रति मायालु भावको प्रचार गर्न लगाए । त्यसपछि मात्र दहचोकमा गोरखालीहरूले गढीलाई दखल गर्न समर्थ भए । दहचोकमाथि गोरर्खालीहरूको विजयपछि पृथ्वी नारायणशाहका सेनाले कीर्तिपुरमाथि पहिलो आक्रमण गरे तर गोर्खालीको नराम्रोसँग हार भयो (अधिकार, २०७५, पृ.४१७) ।

वि.सं. १७८९ मा पृथ्वीनारायण शाहले दहचोकबाट नेपाल खाल्डोमा आक्रमण गर्दा थक्वाथ नामक गाँउका रजौटा (नाइके) लाई थानादारको को दर्जा दिई कोट रक्षा गर्न राखिएकोले गाउँको नाम नैथानकोट हुन गएको भन्ने भनाइ पनि छ । एकीकरण अभियानको क्रममा पृथ्वीनारायण शाहसँग खड्का तथा मगरहरूसँगै आएको र उनीहरू यहीँ बसोबास गरेको यहाँका स्थानीय बासिन्दाले बताउँदछन् । यो क्षेत्र मल्लकालीन समयदेखि पाटन राज्यको कीर्तिपुर क्षेत्रअन्तर्गत रहेको वि.सं. २०१८ सालसम्म, २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेपछि काठमाडौं जिल्लाअन्तर्गत रहेको पाइन्छ । शाहाकालीन कला, वस्तुकला यस क्षेत्रमा खासै पाइँदैन (अधिकारी, वि.सं. २०७५, पृ.४२४)।

# अध्याय तीन

# शोणितपुर क्षेत्रको भौतिक संस्कृति एवं यसको विकासक्रम

## ३.१. विषय प्रवेश

प्रस्तुत अध्ययनमा चन्द्रागिरिको शोणितपुर भेगमा रहेका विभिन्न अभिलेख र मूर्तिहरुको विषय समेटिएको छ । शोणितपुर भेगमा रहेका भौतिक संस्कृतिलाई यहाँ प्रस्तुत गरिएको छ ।

## ३.२ शोणितपुर क्षेत्रका महत्वपूर्ण मन्दिर एवं मूर्तिहरु

शोणितपुर क्षेत्रमा लिच्छविकालीन, मल्लकालीन र आधुनिककालका विभिन्न मन्दिर, मूर्ति र अभिलेखहरु भेटिएका छन् । जसको संक्षिप्त व्याख्या तल गरिएको छ ।

### ३.२.१. आदिनारायण मन्दिर

थानकोटको आदि नारायण मन्दिर प्राचीनकालदेखि नै प्रसिद्ध रहेको कुरा बसन्तदेवको अभिलेखले स्पष्ट पार्दछ । प्राचीन जयपल्लिका ग्राममा पर्ने आदिनारायण मन्दिर प्राचीन मन्दिरमध्येको एक हो । यो मन्दिरको प्राचीनता लिच्छविकालदेखि नै रहेको देखिए पनि हालको यो स्वरुप भने मध्यकालको देखिन्छ । संवत् ४२८ (१५१२ वर्ष पुरानो) शिलापत्र थेन्चोग्राम छेउको जयपल्लिकाग्राममा रहेको आदिनारायण मन्दिरको प्राङ्गणमा रहेको छ । अहिले सिसाले चारैतिर घेरेर सुरक्षित अवस्थामा राखिएको सो अभिलेख लिच्छवि राजा बसन्तदेवले राखेका हुन् । बसन्तदेवभन्दा अघिका लिच्छवि राजाहरुले पनि विभिन्न शिलालेख राख्न लगाएका छन् तर सनद शिलापत्र (राजपत्र) यो नै पहिलो मानिएको छ । जुन थानकोट आदिनारायण मन्दिरको प्राङ्गणमा छ । अहिलेसम्म फेला परेको इतिहासको स्रोतहरुको अध्ययन अनुसन्धान गर्दा लिच्छवि राजा बसन्तदेवको थानकोट आदिनारायण मन्दिरको प्राङ्गणमा रहेको शिलालेखलाई नेपालको प्रथम सनद-पत्र (सनद-शिलापत्र) भनि इतिहासकारहरुले मानेका छन् । सो अभिलेखमा आदिनारायण मन्दिरको बारेमा उल्लेख नभए पनि यसले सो क्षेत्रको ऐतिहासिकताको बारेमा बताएको छ ।

### ३.२.२. टाफलको महालक्ष्मी मन्दिर

बाकुनती र ताहाननी टोलको बीचमा अवस्थित महालक्ष्मी मन्दिर शोणितपुरको प्राचीन मन्दिरमध्येको एक हो । यो मन्दिर शोणितपुरवासीको आराध्यस्थल हो । आदिनारायण मन्दिरको केही पूर्वमा अवस्थित सो मन्दिर बहुतले शैलीमा बनेको छ । आयाताकार एक तहको आधारमाथि निर्मित यो मन्दिर एक तर्फ पर्खाल र तीन तर्फ खाली छाडी मण्डप शैलीमा बनाइएको छ । यस्तो मन्दिर प्रायः शिवालयका लागि निर्माण गरिने भए पनि यहाँ महालक्ष्मीको लागि यस्तो मन्दिर बनाइएको छ । पहिले यो मन्दिरको माथिल्लो भागको बाहिरै आँखीझ्याल र टुँडालमा तामा र पित्तलका भाँडाकुँडा तथा राँगोको सिंग टाँस्ने गरिएको देखिन्छ । सो मन्दिरको प्रांगणमा रहेका शिलालेखहरुले मध्यकालीन समयको प्रमाण दिने गरेको छ ।

शोणितपुर भेगको भौतिक संस्कृतिको विकासक्रमलाई हेर्दा यहाँ लिच्छविकालदेखिका भौतिक संस्कृतिको अवशेष अहिले पनि देख्न सकिन्छ । यहाँ भेटिएका अभिलेख एवं मूर्तिहरुले यहाँको ऐतिहासिकतालाई स्पष्ट पारेको छ । शोणितपुरमा भेटिएका मूर्तिहरुको बारेमा तल संक्षिप्त चर्चा तल गरिएको छ ।

### ३.२.३. चोपछेटोलको बसाह र शिवलिंग

थानकोटको आदिनारायण मन्दिरको चोंछेटोलमा रहेको धारोको माथि रहेको दुईवटा बसाह रहेका छन् । बसाहको अगाडि एकएक वटा सादा शिवलिंग रहेको छ । बसाहको सजीवपन, बसाहमा पाइने मिहीनपन र बसाइको कारणले गर्दा यसमा लिच्छविकलाको प्रभाव देखिन्छ । यो बसाहको शैलीको आधारमा लिच्छवि कलाको प्रभाव देखिन्छ । यो शिवलिंगमध्ये एउटा अलिक ठूलो जलहरीमा रहेको शिवलिंग मास रंगको चम्किलो रहेको छ । दुवैमा लिच्छविकालीन कलाकै प्रभाव रहेको पाइन्छ ।

### ३.२.४. लुक महादेव

शोणितपुरको नासल टोलको एउटा खाल्डोमा रहेको शिवलिंग हो । भस्मासुरको डरले लुकेर बसेका महादेव भएकाले लुकमाःद्यः (लुकेको महादेव) भनिएको छ । लुक माःद्यः विशेषगरेर पाहां चह्रेको पहिलो दिन पूजा गरेर सुरु गर्ने गरिन्छ ।

### ३.२.५. नृत्यनाथ (नासः द्यः)

नृत्यनाथलाई भैरवको प्रतिक पनि मानिन्छ । गाउँमा नाच, नाटक आदि देखाउनुपर्दा यस देवताको पूजा आराधना गरिन्छ । नेवारी समुदाय र त्यसमा पनि विशेष गरेर ज्यापु समुदायले गीत, नाच र धिमे, दाफाजस्ता विभिन्न बाजा सिक्ने र सिकाउने सन्दर्भमा नाट्येश्वर र हनुमानको पूजा गर्छन् । यसरी पूजा गर्दा कुखुरा, हाँस, बोका र राँगा जे जे भेटिन्छ, ल्याई बलि दिएमा नाट्येश्वर र हनुमान प्रशन्न हुन्छन् र चाँडै सिक्न सकिन्छ भन्ने मान्यता रहेको छ ।

### ३.२.५. चीभाः (भगवान् बुद्ध)

नासः द्यःको अगाडि रहेको छ । धेरै तह उठाएर बनाइएको यो चीभाः पुरानो बुद्धस्थल हो । नेपालभाषामा बौद्ध चैत्य लाई चीभाः भनिन्छ । काठमाडौं उपत्यकाको तीनै सहरमा नेवाः समुदायको चोक,बहाल, बही, ननीहरूमा चीभाःहरू स्थापना गरेको हुन्छ । चीभाः नेवाः समुदायको सांस्कृतिक सम्बृद्धिको पहिचान हो ।

### ३.२.६. गणेश र कुमारी

गणेश र कुमारको मूर्ति राजमार्गसँगै खरीको बोटमुनि अवस्थित छ । यहाँ ब्रतबन्ध आदि शुभकार्यमा पूजा गरिन्छ ।

### ३.३.७. बद्रीनारायण मन्दिर

यो नेपाली छाने शैलीको पुरानो मन्दिर हो । पछि यसको जीर्णोद्दार गरिएको हो । यो मन्दिर पूर्व फर्किएको छ । यसबाहेक पनि लण्ठ टोलमा रहेको मण्डः द्यः (क्षेत्रपाल) पनि शोणितपुरको महत्वपूर्ण सम्पदा हो । यसले गाउँको रक्षा गर्ने विश्वास गरिन्छ । भैरवजात्राको बेला भैरवको ध्याम्पो राख्ने भैरवमण्डप (चाफल) पनि शोणितपुरको महत्वपूर्ण सम्पदा हो । त्यस्तै, झ्यालम्पाटी हितिको पूर्वतर्फ रहेको पर्खालको खोपामा स्थापित यो गणेशमा पञ्चबली पूजासमेत गर्ने गरिन्छ ।

## ३.३. शोणितपुर क्षेत्रमा रहेका लिच्छविकालीन शिलालेख

थानकोटको शोणितपुर क्षेत्रमा विभिन्न लिच्छविकालीन अभिलेख भेटिएको छ। सो क्षेत्रमा अहिलेसम्म तीन वटा लिच्छविकालीन अभिलेख र करिब १८ वटा मध्यकालीन अभिलेख भेटिएको छ। जसमध्ये लिच्छविकालीन अभिलेखहरु निम्नानुसार रहेका छन्।

### ३.३.१. थानकोट आदिनाथ मन्दिरको  वसन्तदेवको अभिलेख

यो अभिलेख राजा वसन्तदेवले आफ्नी बहिनी जयसुन्दरीको विवाह गरेर दिँदा दाइजोस्वरुप सिंगो गाउँ दिँदा राखेको देखिएको छ। यस अभिलेखबाट त्यसबेला यस स्थानमा ब्राह्मणलगायत अठार जात रहेको खुलेको छ। यसको साथै यिनकै समयदेखि राजकाजमा गुप्तहरुले बिस्तारै शक्ति प्रयोग गर्न थालेको पनि देखिन्छ। आदिनारायण मन्दिरसँगै रहेको यो शिलालेख बसन्तदेवले सम्वत् ४२८ मा राखेका हुन्। यो नेपालको पहिलो राजाज्ञा अर्थात राजपत्र मान्ने गरिएको छ। ३८ अंगुल लामो र १५ अंगुल चौडा रहेको यो अभिलेखमा मूल पाठ ३० पंक्तिमा कुँदिएको छ (बज्राचार्य, २०३०, पृष्ठ ९३)।

*कल्याण होस्। मानगृह (दरबार)बाट परमदैवत (ठूला देवतास्वरुप भएका), भट्टारक (गद्दीशीन) महाराज श्रीबुबाको पाउको अनुग्रह पाएका (आफ्ना) पढाइ नीति दया दान चतुर्याइँ पुण्य र प्रभावद्वारा सफा कीर्ति फैलिएका गाथमा आराम रहेका भट्टारक महाराज श्री बसन्तदेवबाट जयपल्लिका ग्राममा बस्ने ब्राह्मण लगायत .... ब्रङ्ह्मुँ शुल्ह्मँ तेपुल ........*

*हामीबाट प्यारी बहिनी नानी जयसुन्दरीलाई सन्तान दरसन्तानले भोग गर्न पाउने गरी, कोट्ट ( किल्ला) सम्बन्धी स्थितिबन्धेजले युक्त पारी, चारभाटले पस्न नपाउने गरी यो गाउँ दिइएको छ। यो कुरा तिमीहरुलाई थाहा होस्।*

........................

*संवत् ४२८ मार्ग शुक्ल प्रतिपदा।*

### ३.३.२. थानकोटको भीमार्जुन देवको र जिष्णुगुप्तको अभिलेख

यो अभिलेख संवत् ५७ मा राखिएको अभिलेख हो । लिच्छविकालमा थानकोट भेगको बारेमा अधिक जानकारी दिने यो अभिलेख अत्यन्तै महत्वपूर्ण रहेको छ । ४८ अंगुल लामो र २१ अंगुल चौडा रहेको यो अभिलेखको शिरभागमा चक्र र दुईतिर शंख अंकित भएको देखिन्छ । यस अभिलेखको सहयोगबाट दहचोक डाँडोमा रहेको इन्द्रदहको बारेमा केही तथ्य खुलेको छ । यो अभिलेखमा यो क्षेत्रमा काष्ठजन्य र कपडाजन्य व्यवसाय फस्टाएको अवस्था देखिन्छ । यसमा काठ र दाउरामा लाग्ने सिंकर र कपडामा लाग्ने चैलकरको उल्लेख गरिएको छ । लिच्छवि लिपिमा अंकित यो अभिलेखको हरेराम जोशीले सम्पादन गरेका हुन् (बज्राचार्य, अंक २, १-६) । अभिलेखमा भनिएको छ :

*भट्टारक श्रीभीमार्जुनदेव सहित श्रीजिष्णुगुप्तले थेञ्चो ग्रामवासीहरुलाई आज्ञा गर्नुभएको छ । हाम्रा ज्येष्ठ बराज्यू मानगुप्तगोमीले बनाउनु भएको पोखरीको लागि चैलकर (कपडामा लाग्ने कर विशेष) माफी गरिदिएको थियो ।*

..............

*सिंकर नामक काठ विशेषमा लाग्ने करमा १ कार्षापण बुझाउनु पर्नेले ८ पण मात्र बुझाउनु, ८ पण बुझाउनुपर्नेले ४ पण मात्र बुझाउनु । मल्लकरमा पनि चार पण बुझाउनु । यो कुरा तिमीहरुलाई विदित होस् ।*

### ३.३.३. गणदेवको वि.सं. ६१६ को अभिलेख

च्वछेँ टोलस्थित चालँपाटीमा भट्टारक महाराज गणदेवको वि.सं. ६१६ को अभिलेख रहेको छ । आदिनारायण मन्दिरभन्दा केही दक्षिणपश्चिमको जमिनबाट बाटो खन्ने क्रममा भेटिएको भट्टारक महाराज गणदेवको संवत् ४८२ श्रावण शुक्ल प्रतिपदाका दिन राखिएको हो । धनबज्र बज्राचार्यका अनुसार यो अभिलेख ६७ से.मी लामो र ३४ सेमी चौडा रहेको छ । त्यसअभिलेखमा १८ पंक्ति कुँदिएको छ ।

*यो अभिलेख राष्ट्रिय अभिलेखालयबाट प्रकाशित अभिलेखको वर्ष २२ पूर्णांक २२ मा छापिएको छ । यसलाई श्यामसुन्दर राजवंशीले थानकोटमा पाइएको राजा गणदेवको अभिलेख नामक लेखमा प्रकाशित गरेका छन् । सो लेखमा उल्लेख भए अनुसार यो अभिलेखमा निम्न विवरण लेखिएको छ (अभिलेख, पूर्णांक २२) ।*

*कल्याण होस्, मानगृहबाट बुबाको अनुग्रह पाएका गाथमा आराम रहेका भट्टारक महाराज गणदेवबाट ......................अधिका राजाले तिमीहरु कहाँ कुथेर र शुली यी दुई अधिकरणले पस्न नपाउने गरी निगाह गरिएको थियो । सर्वदण्डनायक महाप्रतिहार श्री भौमगुप्तले हाम्रा हजुरमा बिन्ती चढाएको हुनाले अहिले हामीबाट लिंगवल माप्चोकसहित चारै अधिकरणले पञ्चापराध( पञ्चखत) द्वारा पनि पस्न नपाउने गरी यो सनद शिलापत्र निगाह गरिदिएको छ ।*

......................

*संवत् ४८२ श्रावण शुक्ल प्रतिपदा १ का दिनमा*

## ३.४. शोणितपुर क्षेत्रमा रहेका मध्यकालीन शिलालेख

मध्यकालीन समयका धेरै अभिलेखहरु शोणितपुर भेगमा भेटिएको छ । जसले यो क्षेत्र मध्यकालमा पनि महत्वपूर्ण बसोबासको क्षेत्र रहेको थियो भन्ने पुष्टि गर्ने गर्दछ । शोणितपुर भेगमा भेटिएका मध्यकालीन अभिलेखहरु निम्नानुसार रहेका छन् ।

### ३.४.१. आदिनारायण मन्दिर क्षेत्रमा रहेका मध्यकालीन अभिलेखहरु

आदिनारायण परिसरमा मात्रै नयाँ पुरानागरी १८ वटा अभिलेखहरु रहेका छन् । विभिन्न समयमा राखिएका यी अभिलेखहरुले तत्कालीन समाज र संस्कृतिको व्याख्या गर्ने गरेका छन् । शोणितपुर क्षेत्रमा भेटिएका मध्यकालीन अभिलेखहरु निम्नानुसार रहेका छन् ।

शिखछेटोलमा आदिनारायण शिलालेख संवत् ७८८ (ई.सं. १६६७) मा राखिएको हो । यस अभिलेखमा तत्कालीन शासकले वैकुण्ठबासका लागि गरुणबाहन नारायणलाई प्रसन्न पार्नका लागि ढुंगाको स्तम्भ बनाएको उल्लेख छ । उक्त अभिलेखमा भनिएको छः

*ॐ नमो नारायणाय ॥ ....... सवर्व ........वतिवसुमति कपिते ..........दिवज्वलितं ..... सदाहं बनदे श्री तेनतेयविन्हग ... पति नाग .... कारे ॥ (बज्राचार्य, २०५६, पृ. १५५) ।*

*त्यस्तै, ने.सं. ८०१ म राखिएको शिलालेख एक रहेको छ । उक्त शिलालेखमा धर्मसिं दुवाल भारोले आफ्ना नाती हाकुसिं भारोलाई नायक बनाई आदि नारायणको मन्दिरमा ढुंगा पेटी बनाएको कुरा उल्लेख पाइन्छ (श्रेष्ठ, २०६३, पृ १२) ।*

३. महामञ्जुश्री र सरस्वतीको मूर्ति रहेको फल्चामा ने.सं. ७८० को मल्लकालीन अभिलेख रहेको छ । जुन अभिलेखलाई चुन्दा बज्राचार्यले थक्वाः देशका आदिनारायण नामक पुस्तकमा उल्लेख गर्नुभएको छ । यो अभिलेख वैशाख मासको शुक्ल पक्षको त्रयोदशी तिथिको हस्त नक्षत्रमा राखिएको उल्लेख छ ।

### ३.४.२. सिंहछें टोल नारायणस्थानको शिलालेख

यो शिलालेख संवत् ७८९(ई.सं. १६६८) मा राखिएको हो ।

### ३.४.३. महालक्ष्मी मन्दिर प्राङ्गणको शिलालेख

महालक्ष्मी मन्दिर प्राङ्गणमा संवत ८०४ को शिलालेख रहेको छ । १२ इन्च चौडा र २० इन्च लामो यो शिलालेखको अक्षर पूर्णतः मेटिइसकेको छ । धनबज्रबज्राचार्यले मध्यकालीन अभिलेख नामक पुस्तकमा उल्लेख गर्नुभएको यो अभिलेखको पृ.२४७ मा उल्लेख गरिएको छ ।

### ३.४.४. सिद्धि विनायक मन्दिरको शिलालेख

पुरातात्विक महत्वको सिद्धि विनायक मन्दिरको शिलालेख (यो शिलालेख अति प्राचीन हो । तर यसका लिपी टुक्रिएर गएकोले प्रष्ट बुझ्न कठिन छ ।

## ३.५. शोणितपुर क्षेत्रमा रहेका अन्य सांस्कृतिक सम्पदाहरु

शोणितपुर क्षेत्रमा विभिन्न पाटीहरु रहेकोमा हाल धेरै पाटीहरु लोप भइसकेका छन् । जसमध्ये हालसम्म पनि बाँकी रहेका पाटीहरुको विवरण निम्नानुसार रहेको छ ।

### ३.५.१. कोतघर

आदि नारायण मन्दिरको सम्मुखमा एउटा कोतघर रहेको छ । यो कोटघर अहिले नयाँ शैलीमा बनाइएको भए पनि प्राचीन क्वाथ पटकपटक पुनर्निर्माण हुँदै जाँदा अहिले आधुनिक निर्माण सामग्रीबाट निर्माण गरिएको भए पनि पुरानो शैलीलाई निरन्तरता दिने प्रयास गरिएको छ । तत्कालीन अवस्थामा सामरिक दृष्टिले महत्वपूर्ण रहेको ऐतिहासिक यस किल्लाको भग्नावशेष समेत लोप भएको र अर्को ठाउँमा कोतघर बनाइएको स्थानीयको भनाइ छ ।

### ३.५.२. झ्यालम्पाटी

शोणितपुर क्षेत्रमा 'झ्यालँफः' अर्थात् 'झ्यालम्पाटी' अवस्थित छ । यो पाटी कहिले बनेको थियो भन्ने बारेमा हालसम्म यकिन हुन सकेको छैन । किनभने यससम्बन्धी कुनै पनि शिलालेख भेटिएको छैन । तापनि लिच्छवीकालमा 'थेन्चोग्राम' अर्थात 'शोणितपुर' प्रशासनिक तथा सैन्य विशेषबाट सामरिक दृष्टिकोणले महत्वपूर्ण मानिएको छ । तत्कालीन शासकहरूबाट न्यायिक कार्य सम्पादन गर्न, प्राकृतिक नियमको न्याय सिद्धान्तअनुरूप राज्य सञ्चालन तथा सामाजिक व्यवस्था सञ्चालन तथा न्याय प्रतिपादन गर्ने थलोको रूपमा 'झ्यालम्पाटी' लिएको छ । तत्कालीन स्थानीय शासकहरूबाट कर असूली, सामाजिक न्याय निशाफ तथा सार्वजनिक सुनुवाईका लागि एउटा अड्डा अदालत सम्बन्धि कामकाजमा सहजता अपनाउन 'शोणितपुर' नगरको मध्यभागमा यो झ्यालम्पाटी निर्माण गरेको हुनुपर्छ । जे होस् यो पाटी हालसम्म पनि यथास्थानमा नै उभिएको छ ।

यो झ्यालम्पाटीको बनावट हेर्दा सामान्य देखिए तापनि यसको निर्माण फरक ढङ्गले गरेको देखिन्छ । कुनैपनि घर वा भित्ताको आड नलिइकन चारैतर्फ बाटोको बीचमा 'झ्यालम्पाटी' उभ्याइएको छ । यस पाटीको जगदेखिमाथिको सतहमा काठको खम्बाहरू ठड्याउन ठूलाठूला चारपाटे आकारमा कुँडिएका काला ढुङ्गाहरू ठड्याइएका छन् । त्यसमाथि चारैतर्फ जोडिने गरी काठका ठूला सत्तरहरू (टाईबीमको रुपमा) ओछ्याइएको छ । त्यसमाथि कलात्मक बुट्टाले भरिको ठूला खम्बाहरू ठड्याइएका छन् । यसरी उभ्याइएको यो पाटीको दक्षिण मोहडा पारिएको छ । अगाडि पट्टिको भागमा समानान्तर तीन कवल र पूर्व तथा पश्चिममा पनि एक एक कवल राखी बनाएको छ । उत्तरपट्टिको बीच भागको गारोमा कलात्मक बुट्टा कुँडिएको खम्बा राखी झ्याल राखेको छ । यसै

झ्यालले गर्दा यस पाटीको सौन्दर्य बढ्नुकोसाथै ऐतिहासिक महत्व बढेको छ । यसै झ्यालले गर्दा नै यो पाटीको नाम 'झ्यालम्पाटी' रहन गएको छ । झ्यालको साथै सबै कवलहरु खड्गाकार देखिने गरी खम्बाहरुमाथि काठकै 'निना' (काठको बीम) राखेर बनाएको छ। झ्यालको साथै सबै कवलहरुमा देखिने खड्गाकारले गर्दा यो पाटी तान्त्रिक आधारले समेत निर्माण गरेको हुनुपर्छ भन्ने आभाष मिल्दछ । टायल प्रयोग गरी दुई पाखाको छाना राखी बनाएको यो पाटीमा काठको फल्याकहरू ओछ्याइएको छ (श्रेष्ठ, ई.सं. २०१९) ।

### ३.५.३. सोह्रखुट्टे पाटी

आदिनारायण मन्दिरको दक्षिणपट्टि ढुंगेधारामाथि यो पाटी अवस्थित रहेको छ । हाल सो पाटीमा १२ वटा खुट्टा रहेको छ ।

### ३.५.४. महालक्ष्मीका पाटीहरु

महालक्ष्मी मन्दिरको परिसरमा चारवटा पाटीहरु रहेका थिए । हाल दुईवटा पाटीहरु मात्र जीर्णोद्वार गरिएका छन् । मन्दिरको पश्चिममा गणेश स्थापना गर्ने पाटी अस्तित्वमा रहेको छ (श्रेष्ठ, २०६३, पृ. ५८) ।

### ३.५.५. शोणितपुर क्षेत्रका ढुङ्गेधाराहरु

थानकोटस्थित शोणितपुर क्षेत्रमा विभिन्न महत्वपूर्ण हिटीहरु रहेको साहित्यिक स्रोत र अन्य प्रमाणबाट समेत भेटिन्छ। ऐतिहासिक न्यायालयको रुपमा उभिएको झ्यालम्पाटी र त्यस अगाडिको तीनवटा ढुङ्गेधारा त्यहाँ रहेका ढुंगेधारामध्ये पुरानो हो । त्यस्तै, नासल टोलमा रहेको नासः हिटी, कोटघरको पश्चिमपट्टि रहेको नासिम्चा हिटी, च्वँछे टोलको च्वछेँ हिटी, गःच्छेँ टोलको गःच्छेँ हिटी यस भेगका महत्वपूर्ण हिटीहरु हुन् ।

## चौथो अध्याय

# शोणितपुर क्षेत्रको अभौतिक संस्कृति एवं परम्परा

## ४.१. विषय प्रवेश

प्रस्तुत अध्यायमा शोणितपुर क्षेत्रको अभौतिक संस्कृति एवंसांस्कृतिक विकासक्रमको बारेमा उल्लेख गरिएको छ । यस अध्यायमा परापूर्वकालदेखि चल्दै आएको आस्था र विश्वासको परम्परालाई पनि यसमा समेटिएको छ । साथै, हाल प्रचलनमा रहेको जात्रा पर्व, आस्था विश्वास आदिलाई पनि यो अध्ययनमा समेटिएको छ ।

## ४.२. नेपालको सांस्कृतिक विकासक्रम

नेपाल देशको उत्पत्ति र इतिहासलाई नियाल्ने हो भने यसको उत्पत्तिको पछि विभिन्न कथा किंवदन्तीहरु सुन्न पाइन्छ । विभिन्न धर्मशास्त्र र पुराणहरुले नेपाललाई प्राचीन भूमिको रुपमा वर्णन गरेको छ । एकातिर प्राचीन शास्त्रहरुले सदियौंदेखिको उत्पत्तिको विकासक्रमलाई उल्लेख गरिरहेको छ भने अर्कोतिर भूगर्भशास्त्रीय तथा पुरातात्विक अध्ययनहरुले समेत यसको इतिहास र विकासक्रमलाई समेटिरहेको छ । काठमाडौंको बुढानीलकण्ठमा पाइएको मेसोलिथिक हतियारले काठमाडौं ताल हुँदाको अवस्थामा पनि यो भेगमा मानव बसोबास हुँदै आएको पुष्टि हुने गरेको छ । पर्याप्त पुरातात्विक अध्ययनको अभावमा यहाँको आधिकारिक विकासक्रमबारे जानकारी प्राप्त गर्न नसकेपनि वंशावली र पुराणहरुले भने नेपाल उपत्यकाको सम्बन्धमा अनेक रोचक प्रसंगको उल्लेख गरेको छ । काठमाडौं उपत्यकामा विपश्वी बुद्धदेखि नेमुनिसम्मको कथा प्रसंग किंवदन्ती तथा वंशावलीहरुमा सुन्न पाइन्छ (नेपाल, वि.सं.२०४०,पृ.१७) ।

सत्ययुगमा नै विपश्वी बुद्धले नागार्जुन पर्वतमा बसेर चैत्र शुक्ल पूर्णिमाको दिन नाग दहको बीचमा कमलफूलको बीज रोपे भन्ने इतिहास भेटिन्छ । विपश्वी बुद्ध नै नेपाल आउने प्रथम महात्मा रहेको बौद्ध साहित्यहरुमा भेटिन्छ । विपश्वी बुद्धले रोपेको बीजबाट छ महिनापछि आश्विन शुक्ल पूर्णिमाको दिन सोही फूलबाट ज्योतिर्मय भगवान् स्वयम्भू प्रकट भएको इतिहास भेटिन्छ । यसरी मर्त्यलोकमा स्वयम्भू उत्पत्तिको खबर सुनेर शिखी बुद्ध अरुणपुरबाट आएर ध्यानोच्च पर्वतमा बसे भन्ने कथा

भेटिन्छ। सो ध्यानोच्च पर्वतलाई अहिले फूलचोकीको नामबाट चिनिन्छ (ढकाल, वि.सं. २०७५, पृ. १८४)।

शिखी बुद्धपछि त्रेता युगमा अनुपमनगरबाट विश्वभू बुद्ध नेपाल उपत्यकामा आएर धेरै फूल भएको पर्वत छानेर आफ्नो आश्रम बनाई बसेको भन्ने अर्को कथा भेटिन्छ । उनी आएर बसेको पर्वत फुलोच्च अर्थात् फूलचोकी हो । यी तीन महात्मापछि मात्र मञ्जुश्री बोधिसत्व काठमाडौं आएका थिए। जसले काठमाडौं उपत्यकामा रहेको पानीलाई चोभारको गल्छीबाट निकास गरेका थिए भन्ने विश्वास रहेको छ । एकथरी वंशावलीमा भने उपत्यकाको उत्पत्ति कृष्ण भगवान्ले गरेको भन्ने उल्लेख छ (दाहालः वि.सं.२०५७) । सो मान्यताको पछाडि दानासुर राक्षसको कथा पनि जोडिएको छ । पहिले पानी बगिसकेको उपत्यकामा दानासुर राक्षसले पानी थुनेर जलमग्न बनाएर दुःख दिइरहेको हुँदा द्वारकाबाट कृष्ण भगवान् आएर राक्षस मारी चोभार नामक स्थानबाट जल निकालेर यसलाई बस्तीयोग्य बनाएको उल्लेख छ। त्यसपछि यो क्षेत्रमा विभिन्न विद्वान र तपस्वीहरुले तप गरेर बसे। प्राचीन तपस्वीहरुमध्ये नेपालका वंशावली र पौराणिक साहित्यमा विशेष सम्मान पाएका व्यक्ति भने नेमुनि हुन्।

## ४.३. थानकोट र शोणितपुर क्षेत्रको सांस्कृतिक विकासक्रम

थानकोट क्षेत्रको सांस्कृतिक विकासक्रमको इतिहास गोपाल वंशावलीको सुरुवातसँगै सुरु हुन्छ । दक्षिणबाट आएका गोपालीहरुले हालको चन्द्रागिरिको मातातीर्थ क्षेत्रलाई राजधानी बनाएर बसेका थिए भन्ने कथनले यो क्षेत्रको सांस्कृतिक विकासक्रमलाई जनाएको छ । काठमाडौंको थानकोट क्षेत्रको सांस्कृतिक इतिहासलाई केलाउँदा यो क्षेत्रमा प्राग् ऐतिहासिक कालदेखि नै बसोबासको क्षेत्र रहेको हुन सक्ने सम्भावना देखिन्छ । प्राग् ऐतिहासिक मान्छेले प्रयोग गर्ने हातहतियार हालसम्म प्राप्त हुन नसकेको भए पनि यो भेगमा भेटिएका गुफाहरुले यो क्षेत्रमा प्राग् ऐतिहासिक समयदेखि नै सांस्कृतिक विकासक्रम हुन थालेको मान्ने आधारहरु देखिन्छ।

इतिहासकारहरुको भनाइअनुसार बाणस्थलीमा बाणासुरको ठूलो दरबार हुनुपर्छ भनि अनुमान गरेका छन्। चन्द्रागिरिको फेद दैवज्वः भन्ने ठाउँमा बाणासुरको दरबार (गुफा) रहेको छ भन्ने गर्छन्। उक्त गुफा फर्पिङसम्म जान मिल्ने गरी बाणासुरले बनाएका थिए भनिन्छ। हाल थानकोटतर्फको

गुफामा ढुङ्गा खानी सञ्चालन भई ढुङ्गा निकाल्न बारुद पड्काउने कार्य समेतले गर्दा भत्किई बन्द भएको अवस्थामा छ। यहाँका बासिन्दाहरुको भनाइअनुसार पहिला ती गुफाभित्र तीन चार तल्लासम्म जाने बाटो थियो । चन्द्रागिरि नगरपालिका वडा नं ४ का वडाध्यक्ष कृष्णप्रसाद खड्गीका अनुसार उक्त गुफाभित्र पहिलो कोठामा करिब २० जना मानिस अट्ने खाली ठाउँ थियो । त्यसभित्र पनि गुफा रहेको थियो । अहिले सो गुफा पुरिएको अवस्थामा छ भने नगरपालिकाले सो गुफाको सांस्कृतिक अवस्था खोज्न प्रयास गरिरहेको छ (वडाध्यक्ष खड्गीसँगको कुराकानीमा आधारित) ।

स्थानीय भीमनारायण श्रेष्ठका अनुसार बाणासुरसँग युद्ध गर्न श्रीकृष्णंको साथ लागि आएका यदुवंशी ग्वालाहरु बाणासुर उपर विजय प्राप्त गरी कैयौं ग्वालाहरु भुक्तमानको नेतृन्वमा यहीं घरजम गरी बसेका थिए । नेपाल उपत्यका (वर्तमान काठमाडौं) विजयपश्चात टिष्टुङ्गलाई राजधानी बनाएर करिब आठ पुस्तसम्म शासन चलाएका थिए। यद्यपी ती ग्वालाका सन्ततिहरु हालसम्म पनि गोपाली (ग्वा:) थरबाट बसोबास गर्दै आइरहेका छन् ।

गोपाल राजवंशावलीलगायतका अन्य वंशावलीहरुमा गोपालीहरुको बस्ती यस क्षेत्रमा रहेको र मातातीर्थ थानकोटलगायत कीर्तिपुर क्षेत्रमा गोपालीहरुको बाक्लो बस्ती रहेको कुरा उल्लेख गरेका छन्। कतिपय वंशावलीहरुले यो क्षेत्रमा गोपालीहरुको राजधानी रहेको उल्लेख गरेका छन्। राजभोग वंशावलीमा गोपालवंशी राजाहरुले मातातीर्थमा ठूलो गौशाला बनाई देवताहरुको भक्ति सम्मानका साथ गोब्राह्मण पूजा गरी नेमुनिका उपदेश प्रमाणका निम्ति मार्गले प्रतिपाल गरी आनन्दसित राज्यको भोग बसेको उल्लेख पाइन्छ (नेपाल, वि.सं.२०४०,पृ.१६) ।

## ४.४. नेवार समुदायमा जातीय विभाजन

नेवार जातिमा जातीय विभाजन नेपालका विभिन्न जातिहरुमा नेवार एक सुसंस्कृत जाति हो । यो जातिमा प्राचीन समयमा जातीय विभाजन भएको देखिँदैन। समय-समयमा अन्य क्षेत्रबाट विभिन्न जातिहरु नेपाल उपत्यकामा प्रवेश गरे। लिच्छविहरु पनि नेपालमा पटक-पटक प्रवेश गरेको पाइन्छ । नेपालमा प्रवेश गर्ने लिच्छविहरुमा अधिकांश क्षेत्रीय थिए। विदेहहरुमा भने ब्राम्हणहरुको प्रधानता थिए। यिनीहरु नेपालमा प्रवेश हुँदा उनीहरुको साथमा धोवी, तेली, चमार, डुम आदि शुद्रहरु पनि प्रवेश भएका थिए। यी सबै नेवाहरुकै समाजमा घुलमिल भए। हुनत नेवार समाजले जातपात र

छुवाछुत मान्दैनथ्यो तर विदेहहरुले जातपात र छुवाछूत प्रथालाई कायमै राखेको थियो । जव लिच्छविहरु स्वतन्त्र राज्यको स्थापना गर्न सफल भए तबदेखि समाजमा जातपात छुवाछूतको भावना कठोर हुँदै आएको पाइन्छ (आचार्य, वि.सं. २०५८, पृ.११,१२) ।

लिच्छविहरुले यहाँ आफ्नो प्रभुत्व जमाएपछि यहाँका आदिवासीहरुमाथि शासन गरे र यहाँका आदिवासीहरुको सामाजिक संरचनामा परिवर्तन गर्न खोजे । फलस्वरुप यहाँको नेवार जाति कालान्तरमा धेरै जाति र उपजाति भएको समुदायको रुपमा देखापरे । तैपनि यहाँको नेवार समुदायमा समावेश भएका व्यक्ति, जाति तथा वंशहरुले नेवार समुदायकै भाषा, भेषभूषा, रीतिरिवाज, धर्म, संस्कार ग्रहण गरी त्यही जातिमा समिश्रण भएको देखिन्छ ।

## ४.५. शोणितपुर क्षेत्रका संस्कृतिहरु

यस क्षेत्रमा कुल १७ जातिका मान्छेको बसोबास रहेको थियो । तत्कालीन शीताटीका क्षेत्रको प्रमुख बासिन्दाहरुकाले त्यस क्षेत्रको सांस्कृतिक अध्ययनका लागि गोपाली संस्कृतिहरुमा केन्द्रीत छन् । सो भेगका संस्कृतिमा १७ किसिमका द्वाहाहरु रहेका हुन्छन् । जसले हरेक संस्कृति र संस्कारलाई प्रतिनिधित्व गर्ने गरेका छन् (जीवन पण्डितसँगको अन्तर्वार्ताबाट) ।

### ४.५.१ शोणितपुर क्षेत्रमा मनाइने चाडपर्वहरु

थानकोटको शोणितपुर क्षेत्रमा हरेक महिना कुनै न कुनै चार्डपर्व मनाउने गरिएको छ । परम्परादेखि बसोबास गर्दै आएका शोणितपुरका विभिन्न जातजातिले मनाउने चार्डपर्वहरु निम्नानुसार रहेका छन् ।

### क. नयाँ वर्ष

हरेक वर्ष वैशाख १ गते शोणितपुरका स्थानीयले नयाँ वर्ष मनाउने गर्दछन् । सौर्यमास अन्तर्गत्को नयाँ वर्ष अर्थात् वैशाख १ गतेको पर्व नै यहाँको वर्षको पहिलो चार्डपर्व हो । यस पर्वमा लैंसि ( सुकाइएको मुला) खाइच्चः, कःछे (केराउको कोसा), कुनः बुँ, (कोइरालो) आदि सागपात र चामलको पीठो राखेर क्वाति (सूप वा झोल) खाएर नयाँ वर्ष मनाउने चलन रहेको छ । यस पर्वलाई नेवारहरु खाइ संल्हू भनी मनाउँछन् (श्रेष्ठ, वि.सं.२०६३, पृ. २९) ।

## ख. मातातीर्थ औंशी

मातातीर्थ औंशी शोणितपुर क्षेत्रको अर्को महत्वपूर्ण पर्व हो । प्रत्येक वर्ष वैशाख कृष्ण औंसीका दिनमा आमालाई श्रद्धा तथा भक्तिसाथ आमालाई मीठामीठा खानेकुरा खान दिइ पर्व मनाइन्छ । शास्त्रमा उपाध्याय (पण्डित), आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा आमाबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइन्छ । छोराछोरीले आज बिहानै उठी नुहाएर आफ्नी आमालाई राम्राराम्रा लुगा लगाउने र मीठामीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ । आमा नभएकाहरू भने आमालाई तर्पण र पिण्ड तथा पुरोहितलाई सिदादानसहित भोजन गराइ दिवङ्गत आमा र उनले गरेका महान् एवं कष्टकर काम सम्भने गर्छन् (स्थानीय बुद्धिबहादुर गोपालीसँगको अन्तर्वार्ताबाट) ।

## ग. बुद्धपूर्णिमा

संसारमा दुःख छ र दुःख हटाउन सके निर्वाण वा शान्ति प्राप्त हुन्छ भन्ने ज्ञानका प्रवर्तक गौतम बुद्धको जयन्ती बुद्ध पूर्णिमा वा वैशाख पूणिर्माका दिन विश्वभर मनाइन्छ । शोणितपुर क्षेत्रमा पनि बुद्ध पूर्णिमा मनाउने गरिन्छ । बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मृत्यु) वैशाख पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्छन् ।

## घ. सिथः नखः

जेष्ठ शुक्ल पक्ष कुमार षष्ठी अर्थात् नेवार समुदायले वर्षभरि मनाउनेमध्येको अन्तिम पर्वको रुपमा सिथि नखः पर्व धुमधामका साथ मनाउने गर्छन् । अन्यत्रको नेवार समुदाय जस्तै शोणितपुरका स्थानीयले पनि सिथिः नखः पर्व धुमधामका साथ मनाउने गरिन्छ । यो पर्वले नेवार समुदायमा विशेष महत्व राख्ने गर्दछ । यो पर्वसँगै वर्षा सुरु हुने र 'किसानको वर्ष'को महत्वपूर्ण कार्य सिन्या ज्याः (धान रोपाइँ) सुरु हुने भएकाले यस चार्डलाई अन्तिम चाडको रुपमा मनाइने गरिएको हो ।

भगवान् कुमारको जन्म दिनसमेत भएकाले त्यस दिन नेवार समुदाय कुमारको पूजा गरी मास, मुगी, केराउलगायतका दलहनबाट बनेका विशेष प्रकारको पकवान बारा खाने प्रचलन रहेको छ ।

यस वर्ष घरमा भर्खर भित्रिएको नयाँ गहुँको म्हुछ्यामढी (भुटेको गहुँको पिठोमा चिनी मिसाएर मुट्ठी पारी बनाइएको विशेष खालको रोटी) समेत खाने गरिन्छ (सुन्दर श्रेष्ठसँगको अन्तर्वार्ताबाट) ।

## ङ. चः स्वाँ पूजा (रोपाइको सुरु पूजा)

चः स्वाँ पूजा यही समयमा हुन्छ भन्ने यकिन हुँदैन । तर जब रोपाइँ सुरु गर्नुपर्ने हुन्छ । तब सबैले मिलेर यो पूजा गर्ने गर्दछन् । यो शोणितपुर क्षेत्रको आफ्नै विशेष पूजा र पर्व हो । यो पर्वमा चाँपको फूल समेत राखेर गणेश, महालक्ष्मी, आदिनारायण, चुन्देवी, भैरव, नागदेवता आदिको पूजा गर्ने गरिन्छ ।

## च. झाः दिका (रोपाइँ सम्पन्नको पूजा)

रोपाइँको लागि पूजा सकेर रोपाइँ सुरु गरिन्छ । सो भेगमा रोपाइँ सम्पन्न भएपछि झाः दिका अर्थात् रोपाइँ सम्पन्न भएको पूजा गरिन्छ । यो असार वा साउन महिनामा मनाउने गरिन्छ । यो पर्व सबैको रोपाइँ सकिएपछि सबै गाउँलेहरु बसेर मनाउने गरिन्छ । तर अहिले यो पर्वको महत्व घट्न थालेको छ । यो पर्वमा इष्टमित्र तथा चेलीबेटीलाई निम्त्याएर भोज खुवाइन्छ आनन्द गर्ने गरिन्छ ।

## छ. गठाँ मुगः

हरेक साउन कृष्ण चतुर्दशीको दिन घण्टाकर्ण पर्व मनाउने गरिन्छ । यो नेवार समुदायको भूत मन्छाउने पर्वको रुपमा यो मनाउने गरिन्छ । शोणितपुर क्षेत्रमा पनि यो पर्व मनाउने गरिन्छ । किंवदन्तीअनुसार प्राचीन समयमा नेपालमण्डलमा गठामंगल नाम गरेको एउटा दानव थियो । त्यसलाई सत्य निष्ठा तथा समाजको हितमा काम गर्ने सर्वसाधारण मानिस मन पर्दैनथ्यो । उसले सत्य वचन सुन्नुपर्ला भनेर सधैं कानमा घण्टी झुन्ड्याएर हिँड्ने गर्थ्यो। त्यसपछि उसलाई घण्टाकर्ण भन्न थालियो ।

त्यसले दोबाटोमा ढुकेर बटुवासँग पैसा उठाउने र मन लागेको खानेकुरा खाने गर्थ्यो । उसको गतिविधिबाट सर्वसाधारण मानिस आतङ्कित थिए। एकदिन घण्टाकर्ण मर्यो, ऊ मरेपछि खुसियाली मनाउने क्रममा यो पर्व मनाउने प्रचलन रही आएको विश्वास गरिन्छ । त्यसैले श्रावण

चतुर्दशीका दिन बिहानै स्नान गरी घरलाई सफासुग्घर गरी फलामको औँठी लगाउने तथा हरियो नर्कट, निगालो र गहुँको छ्वाली मिसाएर तीनखुट्टे राक्षस बनाई दोबाटो चौबाटोमा राखिन्छ (श्रेष्ठ, २०६३, पृ. ३०)।

## ज. जनैपूर्णिमा (गुन्ही पुन्ही)

नेवार समुदायमा गथामुंगः चह्रेबाट (चाडपर्व सुरू हुने विन्दु) गुन्ही पुन्हि एक महत्वपूर्ण पर्व हो । यस दिन चार दिनअघिदेखि भिजाइएको नौ थरिका गेडागुडीको झोल खाने गरिन्छ । जसलाई 'क्वाँटी' खाने दिन भनिन्छ । यसलाई नेपाल भाषामा भने 'क्वाती' भनिन्छ । जसमा 'क्वा' को अर्थ तातो र 'ती' को अर्थ झोल भन्ने हुन्छ । क्वाँटीमा नौ थरिका गेडागुडीको मिश्रण हो । मास, भटमास, मस्याङ, हरियो र सेतो केराउ, सानो केराउ, कालो चना, सेतो चना, सिमी, बोडी, बकुल्ला, मुंगुलगायत गेडागुडीको मिश्रण नै क्वाँटी हो ।

## झ. सापारु (गाईजात्रा)

गाईजात्रा अर्थात् सापारु पनि शोणितपुर भेगको अर्को उत्कृष्ट पर्व हो । यो पर्व भागद्र कृष्ण प्रतिपदाको दिनमा गाईजात्रा मनाइन्छ । अन्यत्रको सापारु मृतकको सम्झनामा मनाइन्छ भने यहाँ बाणासुर दानबको मृत्युको सम्झनामा पर्व मनाउने गरिन्छ ।

## ञ. कृष्णजन्माष्टमी

भाद्र कृष्ण अष्टमीको दिन सनातन धर्मावलम्बीहरूले भगवान् श्रीकृष्णको जन्म भएको दिनको सम्झना गर्दै मनाउँछन् । शोणितपुरमा पनि अन्यत्र जस्तै कृष्णजन्माष्टमी धुमधामका साथ मनाउने गरिन्छ । पुराणहरूका अनुसार द्वापरयुगमा भाद्र कृष्ण अष्टमीको मध्यरात रेवती नक्षत्रमा भगवान् विष्णु आठौं अवतारका रूपमा कृष्ण जन्मिएको मानिन्छ । लोकमा अधर्म बढ्दै जाँदा भगवान्ले विभिन्न रूप लिने परम्पराअनुरूप कंसलगायत दानवको अन्त्यका लागि नारायणले कृष्णको रूप लिएको बताइन्छ । कंसको कालकोठरीमा वासुदेव र देवकीको पुत्रका रूपमा जन्मिएका कृष्णले मथुरामा देखाएको बाललीला र महाभारत युद्धअघि अर्जुनलाई गीताज्ञान प्रख्यात छ ।

कंस र उनका सहयोगी शकट, भञ्जन, तृणवर्त, वत्सासुर, बकासुर पुतनालगायतको दमन गरी कृष्णले लोकमा शान्ति कायम राखेको पुराणहरूमा उल्लेख छ । मानिसले गरेको कर्मअनुसार नै उसलाई फल प्राप्त हुन्छ । गरिसकेको कामबारे आशक्ति राखी चिन्तित नहुनु भन्ने भगवान् कृष्णले दिएको गीताको सन्देशसहित यो पर्व मनाउने गरिन्छ । यस दिन कृष्णका गुणकीर्तन गर्ने, उनको आराधना गर्ने जाग र उत्सव मनाउने परम्परा छ ।

## ट. चथा

भाद्र शुक्ल चौथीको दिनलाई गणेश चौथी भनिन्छ । यस दिन शोणितपुरका स्थानीयले चुनदेवीको पूजा गर्ने गर्छन् । नेवारी संस्कृति अनुसार त्यस दिनलाई चथाः अर्थात् चोर देवताको पूजा गरिन्छ । बेलुकीपख मकै भटमास गहुँ आदि गेडागुडी भुटेर फलफूल समेत राखेर चथाः देवताको पूजा गरिन्छ ।

## ठ. यंयाः पुन्हि (इन्द्रजात्रा)

यंयाः पुन्हि महालक्ष्मीको जात्रा गरिने मूर्तिलाई भाद्र शुक्ल द्वादशीको दिनदेखि पाँच दिन (कृष्ण प्रतिपदा) सम्म महालक्ष्मी स्थानमै सजाएर राख्ने गरिन्छ । पूर्णेको दिनमा प्रत्येक घरबाट समयबजी खुवाउने चलन छ । यस दिन केटाकेटीहरु घरघरमा समयबजी माग्दै हिँड्ने चलन छ ।

## ड. मोहनी (दशैं)

उपत्यकाबाहिर दशैं मनाइरहँदा सोही समयमा काठमाडौंका नेवारी समुदायले भने मोहनी पर्व मनाउने गर्दछन् । मोहनी पर्वमा घरभन्दा मन्दिर बढी रहेको उपत्यकाका नेवारहरू बिहानै मालश्री धुन बजाउँदै नदी किनारमा स्थापित नौ विभिन्न देवी पीठमा दैनिकरूपमा तीर्थयात्राका लागि पुग्ने गर्छन् । गैरनेवार समुदायले नवरात्र अवधिभर, शैलपुत्री, स्कन्दमाता, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, महागौरी र सिद्धिदात्रीलाई नवदुर्गाका रूपमा आराधना गर्ने गरिन्छ। नेवार समुदायले यस अवधिभर ब्रह्मायणी, माहेश्वरी, वैष्णवी, कौमारी, भद्रकाली, इन्द्रायणी, वाराही, महाकाली र महालक्ष्मीलाई पुज्ने गर्छन् । नवदुर्गाको नाममा पृथक् रहे पनि चण्डी पुस्तकमा दुवै देवीहरूलाई नवदुर्गाका रूपमा राखिएको छ ।

शोणितपुर क्षेत्रमा रहेको कोतघरमा घटस्थापनाको दिन जमरा राख्ने चलन छ । यसको लागि मोहनी गुठीले काम गर्ने गर्दछ । दशैंको सातौं दिन गोरखाबाट ल्याएको फूलपाती सो कोटघरमा ल्याउने गरिन्छ । सो कोटघरमा सरकारी पूजाको पालो पर्ने गुठियारले पूजा गर्ने गर्छन् । अष्टमीको दिन कालरात्री मनाइन्छ । नेवारहरु कुछि भ्वय् (दुई माना चिउरा खानुपर्ने, भोज), छ्वयला (पोलेको मासु) आइन्छ । यसलाई केराको पातमा राखेर खाने चलन छ । साथै, कोतघरबाट महालक्ष्मी स्थानमा समेत बली पूजा पठाउनुपर्ने हुन्छ । नवमीको दिनलाई नेवारी समुदायले स्याको त्याको भन्छन् । यस दिन बोसी, सतुंगल जस्ता गाउँबाट समेत भक्तजनहरु आउने गर्दछन् । दशमीको दिन यो भेगमा पनि भव्य रुपमा टीका लगाएर विजयादशमी मनाइन्छ ।

## ढ. स्वन्ति (तिहार)

नेपाल भाषाभाषी नेवाःले प्रत्येक वर्ष मनाउने मौलिक संस्कृति स्वन्हुतिथि स्वन्ति पर्वको बारेमा विभिन्न थ्यासफूहरुमा उल्लेख पाइन्छ । लक्ष्मीपूजा, म्हपूजा र भ्रातृपूजाका कर्म कहिले गर्ने भन्ने बारेमा नेवाःथ्यासफू ग्रन्थ र धर्मशास्त्रहरुमा उल्लेख पायन्छ । धार्मिक एवं सामाजिक कुलपरम्परा अनुकूल अखण्डित रुपमा सुलं नबसिकन तीन दिनको पर्व नटुटाइकन चान्द्रतिथियुक्त निरुपित विशेष कर्मका तिथिमा अध्यात्मदर्शन एवं तन्त्रोक्त विधिविधानले लगातार पूजा गर्नुपर्ने प्रचलन छ । द्वादश्यां च त्रयोदश्यां च चतुर्दश्यां तथैव च । अमावश्यां च प्रतिपदि व्दितीयायां क्रमाद् बुधैः ॥ गजं काकं तथा श्वानं, गोलक्ष्मी स्वस्वदेहकम् । पूजयेत् भ्रातां तन्त्रंविधिवत् सर्वमानवैः (नेपाल वर्ष क्रिया) । शोणितपुर क्षेत्रमा पनि स्वन्ति पर्व धुमधामका साथ मनाउने गरिन्छ ।

## ड. सकिमना पुन्ही (महालक्ष्मी पूजा)

कात्तिक शुक्ल चतुर्दशीदेखि तीन दिनसम्म मनाइन्छ । कृषि परम्परासँग जोडिएको ऐतिहासिक पर्व सकिमना पुन्हि पर्व कात्तिक पूर्णिमाको दिन उपत्यकाका नेवार समुदायले पौष्टिकताको संकेत गर्दै मनाउने गर्छन् । यो पर्व रैथाने खानाको संकलन गर्ने पर्वको रुपमा चिनिन्छ । यो पर्व अनुसार हरेक वर्ष आफ्नो क्षमताअनुसारको अन्न तथा गेडागुडीले मन्दिरको अघि आएर पूजा गर्ने गरिन्छ । यसैदिन पिँडालु उसिनेर खाने पनि प्रचलन रहेको छ । हिउँदमा बाली भित्र्याएर कमजोर भएका किसान

समुदायलाई पौष्टिकता युक्त खानाको ज्ञान दिनको लागि यो पर्व मनाउने गरिएको छ । प्रचुर मात्रामा प्रोटिन पाइने खालका गेडागुडीसँगै पिँडालुलाई समेत उसिनेर खाने गरिन्छ ।

## ढ. यः मरी पुन्ही

यो पर्व मंसिर शुक्ल पूर्णिमाको दिन मनाइन्छ । नेवार समुदायमा विशेष किसिमको तिल, चाकु र खुवा राखेर बनाइएको चामलको पिठोबाट बनाइएको विशेष प्रकारको परिकार यःमरी खाने चलन छ । धान्य पूर्णिमाको साँझ टोलटोलमा देउसी, भैलो खेलेझैं केटाकेटी, युवायुवती जम्मा भई योमरी माग्ने चलन छ । योमरी माग्ने प्रचलन यो दिनको एक महत्वपूर्ण सांस्कृतिक पक्ष हो ।

## ण. माघे संक्रान्ति (हाम्वः सँल्हु)

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने सङ्क्रान्ति भएको रुपमा माघ १ गतेलाई मकर (माघे) सङ्क्रान्ति मनाउने गरिन्छ । माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटो हुँदै जान्छन् । उत्तरायण सुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ । यसैले यस दिन नुवाकोटको देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ । तर शोणितपुरमा भने घ्यु र चाकु खाएर माघे संक्रान्ति मनाउने चलन रहेको छ ।

## त. पाहाँ चह्रे

चैत्र कृष्ण चतुर्दशीका दिन यो चाड मनाइन्छ । पाहां चह्रे जसलाई पासा चहरे पनि भनिन्छ, काठमाडौंका नेवारी समुदायले यो चाईलाई वर्षको सबैभन्दा ठूलो धार्मिक चाड मानिन्छ । काठमाडौंमा विशेष उत्साहका साथ मनाइन्छ । यसका साथै नेपालका विभिन्न स्थानमा पनि यो पर्व पूर्ण उत्साहका साथ मनाइन्छ । धेरै घटनाहरू तीन दिनसम्म हुन्छन् । जस्तै, परेड, मुखौटा नृत्य र घोडा दौड । यी तीन दिनमा पूजाआजालगायत विभिन्न धार्मिक कार्य पनि गरिन्छ । नेपाली भाषामा पाहा भनेको पाहुना र पासाको अर्थ साथी हो । चहरे भनेको चन्द्र पन्ध्रको चौधौं दिन हो र यो पर्व यही दिन अर्थात् नेपालको चन्द्र पात्रोको पाँचौं महिना चिल्लाको १४ औं दिनबाट सुरु हुन्छ । यस दिन आफन्त तथा आफन्तलाई घरमा निम्तो दिने र तिनीहरुको सम्मानमा पर्वको मुख्य

आकर्षण हो । यो पर्व चन्द्र क्यालेन्डर अनुसार मनाइने भएकाले हरेक वर्ष यसको मिति फरक-फरक हुन्छ ।

### ३.५.२. शोणितपुर क्षेत्रमा प्रचलनमा रहेका संस्कारहरु

जन्मदेखि मृत्युसम्ममा पूरा गरिने हिन्दू संस्कारलाई समाजशास्त्रीहरूले विभिन्न वर्गमा विभाजन गरेका छन् । गौतम सूत्रानुसार संस्कार (४) वटा हुन्छ । मनु एवं याज्ञवल्क्यले १३ संस्कार (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, उपनयन, केशांत, समावर्तन, विवाह र श्मशान)मा सीमित गरेका छन् । गौतम सूत्रले ४० वटा संस्कारको बारेमा व्याख्या गरेको छ । शोणितपुर क्षेत्रको विभिन्न संस्कारलाई तल व्याख्या गरिएको छ । सामान्यतया १६ संस्कारको बारेमा भनिएको छ :

नेवार समुदायको बाहुल्य रहेको शोणितपुर क्षेत्रमा बसोबास गर्नेहरुले अन्यत्रको जस्तै १६ संस्कारलाई पालना गर्दै आएका छन् । जसमा गर्भाधानदेखि मृत्यु संस्कारसम्मको गतिविधिमा केही समानता र केही भिन्नतालाई तल उल्लेख गरिएको छ ।

*गर्भाधानो पुंसवनस्सीमन्तो वैष्णवोबलिः ।*

*जातकं नाम निष्क्रामोन्नप्राशनं चोलकर्म च ।*

*उपनीती महानाम्नी महाव्रतमनुत्तमम् ।*

*उपनिषच्च गोदानं समावार्तनमेव च ।*

*विवाहश्चेति संस्काराः षोडशैताः प्रकीर्तिताः ।*

महर्षि वेदव्यासका अनुसार मानिसको जन्मदेखि मृत्युसम्म सोह्र पवित्र संस्कार गरिन्छ । वैदिक अनुष्ठानअनुसार निम्न सोह्र अनुष्ठानहरू छन् ।

### १. गर्भाधान समारोह

यो असल सन्तान प्राप्तिका लागि गरिने पहिलो संस्कार । गर्भाधान हुनुपूर्व देवपूजनादिको अनुष्ठान समेत आवश्यक भएको शास्त्रीय मान्यता रहेको छ । मनुका पतमा औंसी, पूर्णिमा, अष्टमी, चतुर्दशी,

पर्वदिन र श्राद्ध एवं देवकार्यलाई छाडेर नारीको ऋतुकालका ११ औं र १३ औं रात बाहेक छोराका लागि १४ र १६ दिनमा र छोरीका लागि १५ र १७ दिनमा गर्भाधान संस्कार गरिन्छ । यो प्रचलन पछिल्लो समय शोणितपुर क्षेत्रमा देख्न सकिँदैन । (हरिभूवन श्रेष्ठसँगको अन्तर्वार्ताबाट) ।

## २. पुंसवन संस्कार

यो षोढश संस्कारअन्तर्गत्को दोस्रो संस्कार हो । यस अनुष्ठानमा गर्भवती महिलाको नाकबाट एक विशेष औषधि प्रसारित गरिन्छ । तर औषधि खानु आवश्यक छैन । यो अनुष्ठान विशेष पूजा र मन्त्रद्वारा पनि गर्न सकिन्छ । धार्मिक ग्रन्थका अनुसार पुंसवन संस्कारका लागि सोमबार, बुधबार, बिहीबार र शुक्रबार उत्तम दिन मानिन्छ । भ्रुणको बौद्धिक र मानसिक विकासको लागि गर्भधारणपछि दोस्रो वा तेस्रो महिनामा दोस्रो अनुष्ठान गरिन्छ । यो संस्कार पनि शोणितपुर क्षेत्रमा अहिले प्रचलनमा नरहेको स्थानीयको भनाइ छ (सुमन श्रेष्ठसँगको अन्तर्वार्ताबाट) ।

## ३. सीमान्तोन्नय संस्कार

आमालाई खुसी राख्न, भ्रूणको सौभाग्य प्राप्त होस् भन्ने उद्देश्यले गर्भाधान भएको सातौं वा आठौं महिनामा तेस्रो अनुष्ठान गरिन्छ । सीमान्तोन्नय संस्कार हिन्दु धार्मिक अनुष्ठानहरूमध्ये तेस्रो संस्कार हो । यो संस्कार पुंसवनको विस्तार हो । यसको शाब्दिक अर्थ हो (सीमन्त अर्थात्  कपाल र उन्नति अर्थात् उठाउनु । अनुष्ठान गर्दा श्रीमान्ले आफ्नी श्रीमतीको कपाल कोर्दा कपाललाई माथितिर उठाउने गरेकाले यस संस्कारको नाम 'सीमन्तोनयन' राखिएको हो । यो अनुष्ठानको उद्देश्य गर्भवती महिलालाई मानसिक बल प्रदान गर्नु र उनको सकारात्मक विचारले भरिपूर्ण राख्नु हो । बच्चाको वृद्धिसँगै आमाको मनमा नयाँ इच्छाहरू उत्पन्न हुन्छन् । यी इच्छाहरूको पूर्तिले बच्चाको मानसिक विकासमा महत्वपूर्ण भूमिका खेल्छ । अब सबै कुरा सुन्छ र बुझ्छ र आमाको हरेक सुख(दुःखमा सहभागी हुन्छ। त्यसैले यो अनुष्ठान छैठौं वा आठौं महिनामा गर्ने गरिन्छ । यो संस्कार पनि शोणितपुर क्षेत्रमा हराइसकेको छ (कुमार गोपालीसँगको अन्तर्वार्ताबाट) ।

## ४. जातकर्म

यो षोढश संस्कारको चौथो संस्कार हो । यसमा नवजात शिशुलाई बुद्धिमान, बलियो, स्वस्थ र दीर्घायुको कामना गर्ने गरिन्छ । जाते जातक्रिया भवेत् अर्थात् बच्चा जन्मिएपछि गरिने प्रधानकर्मलाई 'जातकर्म' भनिन्छ । शिशुको जन्मपश्चात् आफ्नो कुलदेवता र वृद्धजनहरुलाई नमस्कार गरी शिशुको मुख हेरेर नदी (तलाउ आदिमा शीतल जलले उताराभिमुख भएर स्नान गर्नुपर्दछ । यदि मूल ज्येष्ठा आदि अशुभ नक्षत्रमा शिशु जन्मिएको छ भने शिशुको मुख नहेरिकनै स्नान गर्नुपर्छ ।

## ५. नामकरण कर्म

नवजात शिशुको उचित नाम राख्न जन्मेको दश दिनपछि पञ्चम संस्कार गरिन्छ । मनुस्मृतिका अनुसार बालक जन्मेको दशौं रातपछि एघारों र बाह्रौ दिनमा यो संस्कार गर्नुपर्छ (**मनुस्मृति**) । कुनैकुनै ग्रन्थले दशम्यामुत्थाय पिता नामकरणं करोति अर्थात् दशौं दिन बिहानै उठेर नामकरण गर्नुपर्दछ भन्ने मान्यता राख्छन् ।

शोणितपुरका नेवारी समुदायले बच्चा जन्मेपछि चोख्याउनका लागि ६ वा ११ दिनमा यो संस्कार गरिन्छ । अजी (बज्यै)ले सूर्यदर्शन र सूर्यपूजनपछि चोख्याउने यस संस्कारमा बच्चा र आमाको पूजा गर्ने प्रचलन छ । यही अवसरमा बाबुलाई बच्चा स्वीकार्न लगाएर हस्तान्तरण गरिन्छ । बच्चाका नाममा फुपू (निनी)ले दीप प्रज्वलन गरी घिउ र मह चटाउने (घृतमधुप्राशन) पनि यही दिनमा गरिन्छ । यही दिनमा बच्चाका अजी (बज्यै), आमाबाबु, मामा, फुपू आदिबाट नाम राखी छोरा भए दायाँ र छोरी भए बायाँ कानमा सुटुक्क भन्ने चलन रहेको छ । आजभोलि पुरोहित राखेर चिना बनाउन लगाउने प्रचलन पनि छ (पूर्णबहादुर गोपालीसँगको अन्तर्वार्ताबाट) ।

## ६. निस्क्रमण संस्कार

छैटौं संस्कार जन्मेको तीन महिनापछि चौथो महिनामा सन्तानले लामो समयसम्म आफ्नो धर्म र इज्जतको रक्षा गर्दै यो संसारको आनन्द प्राप्त गरून् भन्ने कामना गरिन्छ ।

## ७. अन्नप्राशन संस्कार

सातौं संस्कार जन्मेको छैठौं महिनामा गरिन्छ, जसमा बच्चालाई आमाको दूधसँगै खाना खुवाइन्छ। अन्यत्रका नेवारी समुदायको जस्तै शोणितपुर भेगमा छोरीको पाँच महिना र छोराको छ महिनामा घरको मूलीले खाना खुवाई अन्नप्राशन गर्ने चलन छ। चौरासी व्यन्जनलाई विशेष थालीमा राखेर असफीले खाना खुवाइने यस संस्कारसँगै सुनको मुन्द्रीले कान छेड्ने चलन रहेको पाइन्छ। यसै समयमा बच्चालाई बाला, कल्ली आदि गहना लगाइदिने प्रचलन पनि छ।

## ८. चुडाकर्म (मुण्डन) संस्कार

यो संस्कार बच्चाको बौद्धिक, मानसिक र शारीरिक विकासको कामनाका साथ जन्मेको पहिलो, तेस्रो वा पाँचौं वर्षमा गरिन्छ।

## ९. विद्यारम्भ संस्कार

नवौं संस्कार व्यक्तिलाई उत्तम ज्ञान प्रदान गर्ने कामनाका साथ गरिन्छ। जब केटा/केटी शिक्षा प्राप्त गर्नका लागि योग्य हुन्छ, तब उसको विद्यारम्भ संस्कार गरिन्छ। यस समारोहबाट एकातिर बालबालिकामा अध्ययनप्रति उत्प्रेरणा जागृत गराइन्छ भने वर्णमालाको ज्ञान र विषयवस्तुको ज्ञान प्रदान गर्ने गरिन्छ। तर शोणितपुर क्षेत्रमा यो संस्कार परिमार्जन भइसकेको छ।

## १०. कर्णवेद संस्कार

दशम संस्कार व्यक्तिलाई शारीरिक रोगबाट बचाउनको लागि गरिन्छ । यो संस्कार कानमा श्रवण शक्ति बढाउन, कानमा गहना लगाउन र स्वास्थ्यको लागि गर्ने संस्कार हो। विशेषगरी केटीहरूका लागि कर्णवेद एकदमै आवश्यक मानिन्छ। यो संस्कार पनि शोणितपुर क्षेत्रमा एकाधबाहेक मनाउन छाडिसकिएको छ।

## ११. ब्रतबन्ध संस्कार

कुमार केटालाई ब्रतबन्ध गर्ने चलन सबै जातिमा पाइन्छ। नेवार जातिमा छोरा १२-१४ बर्षको भएपछि ब्रतबन्ध गरिन्छ। ब्रतबन्ध नगरेसम्म विवाह गर्न नहुने चलन देखिन्छ। ब्रतबन्ध गरीसकेपछि

मात्र केटा मानिस चोखो भएको मानिन्छ । ब्रतबन्धको अघिल्लोदिन राती केटाको मामाले बालकको केशको टुप्पिको भाग छुट्टाई बाँधिदिने गर्दछन् । त्यसपछि नाइले कपाल खौरीदिन्छ, भने फूपुले कपाल थाप्ने गर्दछन् । साँझमा केटालाई मामा र फूपुको तर्फबाट सगुनको साथमा लुगा कपडा आदि उपहार दिने चलन छ । हिन्दु धर्म मान्नेहरू ब्रतबन्ध गर्दछन भन्नेबौद्ध धर्म मान्नेहरू चुडाकर्म गर्दछन् । सम्पन्न वर्गलेयस दिन भोज भतेरको आयोजना गर्दछन् ।

## १२. बेलविवाह

नेवार जातिमा बालिका रजश्वला नभईकन उसको बेलसँग विवाह गरिदिने परम्परा रहेको छ । यो परम्परा शोणितपुर क्षेत्रमा पनि अन्यत्रको जस्तै अझै जीवित रहेको छ । जसलाई बेल विवाह भनेर चिनिन्छ । बेल विवाह गर्ने बालिका दिनभरि व्रत बसेर बेल लगायत कलश, बज्र, चक्र आदिको पूजाआजा गर्दछन् । विधिवत् रूपमा पूजाआजा गरी विवाह गर्ने बालिकाका बुवाले कन्यादान दिएपछि यो विवाह सम्पन्न हुने गर्दछ । नेवार जातिमा बेल जस्तो भयो दुलहीको वर पनि उस्तै हुने विश्वास छ ।

## १३. विवाह

शोणितपुर क्षेत्रका नेवारी समुदायले अन्यत्रका नेवारी समुदायले जस्तै कुमारी कन्याको विवाह धार्मिक दृष्टिकोणले पहिलो विवाह सुर्वण कुमार अर्थात नारायणसँग गरिसकेपछि बल्ला कुमार केटासँग गराउने गर्दछन् । यो विवाहमा साधारणतया 'लमी'ले केटा र केटी पक्षको घरमा कुराकानी गरेर विवाह छिन्ने गर्दछन् । तर अहिले धेरैको मागी विवाह हुने भएकोले यो संस्कारमा केही परिवर्तन भएको देखिन्छ । परम्परागत विवाह गर्ने शैलीअनुसार विवाह हुने दुई हप्ता अगाडि केटा पक्षबाट केटीको घरमा 'लाखा' (एक प्रकारको गोलाकार मिठाई) पठाइन्छ । लाखाका साथै केटीको लागि एकजोर लुगा, सुपारी सिन्दुरको बट्टा आदि पनि पठाइन्छ । साधारणतया दुलही लिन जाने दिन दुलाहको अभिभावकले जन्ति लिएर जान्छन र दुलही लिएर आउँदछन् ।

दुलहाको आमालेदुलहीलाई घरमा भित्राउँछिन र दुलाह दुलाहीसँगैराखेर 'ब्हकेगु' भन्ने विधि गरिन्छ । शोणितपुरको नेवार जातिमा सात पुस्तापर मात्र विवाहवारी चल्छ । कुनै केटाले आफ्नोभन्दा तल्लो जातमा बिहे गरे उसको सन्तान केटीको जातमा सर्दछ र त्यो सन्तानकोतल्लो जातमा विवाह

चल्छ । नेवार जातिमा विवाहपछि एक आपसमा कुनै कारणले झै-झगडा वा मन नमिलेमा पारपाचुके (सम्बन्ध विच्छेद) गर्ने चलन छ ।

## १४. भीम रथारोहण संस्कार

भीमरथारोहण (जङ्को) यो संस्कार नेवार जातिमा मात्र गरिन्छ । नेवार जातिमा वृद्धवस्थामा पुगेको पुरुष तथा महिलालाई गरीने संस्कार हो जसलाई नेवारीमा बुढा जङ्को भनिन्छ । नेवारजातीको परम्परा अनुसार बुढाबुढी जन्मेको ७७ वर्ष ७ महिना ७ दिन ७ घडि ७ पलमा पहिलोपटक जङ्कोगरिन्छ । त्यस्तैदोश्रोपटककोजङ्कोलाई देवरथारोहण भनिन्छ । तेस्रो जङ्कोचाँहि ९१ वर्ष १ महिना १ दिनमा गरिन्छ । लोग्ने मरिसकेको स्वास्नीमानिसको पहिलो जङ्को ७३ बर्ष ३ महिना ३ दिन ३ घडि ३ पालको उमेरमा गरिन्छ । दोस्रो र तेस्रो उमेरमा ७ वर्षको अन्तरमा गरिन्छ ।

## १६. अन्त्येष्टि संस्कार

नेवार समुदायका कुनै मानिसको मृत्यु भएमा जलाएर अन्त्येष्टि गर्ने परम्परा छ । गुठीयारहरू मिलेर घाट सफा गरी चितामाथि शवलाई राखी सबैले तर्पण दिइन्छ । मृतकका छोराले वा अन्य आफन्तले तीनपल्ट घुमेर गोडा ढोगी दागबत्ती दिएपछि आगो लगाएर अन्त्येष्टि गरिन्छ । मूल रुपमा १३ दिनसम्म सेतो वस्त्र लगाएर वा नलगाई क्रियाकर्म गरेपछि चोख्याउने चलन छ । यस बीचमा थलोमा गएर खाना खाने, पुराण लगाउने, पितृलाई भात खुवाउने आदि चलन पनि रहेको पाइन्छ । कतिपयले ४५ दिनसम्म बरखी बार्ने गर्छन् भने कतिपयले १३ दिनमा चोखिएपछि अन्य वस्त्र लगाउने गर्दछन् । वार्षिक वा अर्धवार्षिक रुपमा तिथिअनुसार श्राद्ध गर्ने परम्परा यहाँको नेवारी समुदायमा रहेको पाइन्छ ।

## ३.५.२. शोणितपुर क्षेत्रमा प्रचलनमा रहेका जात्रा एवं पर्वहरु

शोणितपुर क्षेत्रमा विभिन्न समयमा विभिन्न खाले जात्रा मनाउने गरिन्छ । यहाँ साना ठूला गरेर वर्षको १२ महिनामा प्रत्येक महिना कुनै न कुनै जात्रा मनाउने गरिन्छ ।

### ३.५.२.१ शोणितपुर क्षेत्रमा मनाइने मुख्य जात्राहरु

शोणितपुरमा मनाइने मुख्य जात्राहरु निम्नानुसार रहेका छन् ।

### क. गाईजात्रा

काठमाडौंका अन्य स्थानको भन्दा शोणितपुर क्षेत्रको गाईजात्राको प्रचलन भिन्न रहेको छ । यस दिन यहाँका महिलाहरु निर्वस्त्र भएर नगर परिक्रमा गर्ने चलन रहेको छ । अन्य स्थानमा मृतक आत्माको शान्तिको लागि गाईजात्रा मनाउने भए पनि यो भेगको गाईजात्राको सम्बन्ध वाणासुरसँग सम्बन्धित रहेको छ । यो गाईजात्रा करिब बिहानको नौ दश बजेसम्ममा गाउँभरिबाट निस्किएका गाईहरु गाउँको सिरानमा रहको झ्यालम्पाटी अगाडिको प्रांगणमा भेला भैसक्नुपर्छ । त्यसपछि गाईहरुलाई लस्करै लगाएर बाजागाजासहित पुछारमा रहेको सिद्धि विनायकमा सिधै लगिन्छ । त्यसपछि बाजागाजासहित इमाखेल, सिलाफल, ताहाफल, लायव, महालक्ष्मी मन्दिर, आदि नारायण मन्दिर, कोटघर परिक्रमा गर्दै नासः टोल पुगेर जात्रा विसर्जन गरिन्छ (पूर्ण गोपालीसँगको अन्तर्वार्ताबाट) ।

### ख. टाउको लुकाउने जात्रा

जनैपूर्णिमाको भोलिपल्ट अर्थात् गाईजात्राको दिन शोणितपुर क्षेत्रमा टाउको लुकाउने जात्रा गर्ने गरिन्छ । यो जात्रा शोणितपुरको मौलिक जात्रा हो । यो जात्रामा हास्यास्पद रुपमा बाजा बजाउँदै वाणासुर राक्षसको टाउकोको रुपमा एउटा टाउकोको आकृति बनाएर त्यसैलाई बोकेर नगर परिक्रमा गर्ने चलन रहेको छ । यो जात्राको पछि एउटा पौराणिक कथा रहेको छ । कुनै समयमा बलिका छोरा वाणासुर(कसैले घण्टासुर राक्षस पनि भन्छन्)ले सो क्षेत्रका बासिन्दालाई अत्यन्त दुःख दिन थाल्यो । नरभक्षी राक्षसले गाउँका अशक्त र बालबालिकालाई खाने र दुःख दिने गर्न थालेपछि नगरका आराध्यदेव आदिनारायणले त्यस नरभक्षी राक्षसबाट नगरवासीलाई मुक्त गराउनका लागि भ्यागुताको स्वरुप लिएर जानुभयो । सो नरभक्षी राक्षसमा म बलियो छु भन्ने घमण्ड थियो । त्यही घमण्डको फाइदा उठाउँदै दलदलयुक्त पोखरीको छेउमा बसेर भ्यागुताले राक्षसलाई जिस्क्याउन थाल्यो । कतिपय साहित्यमा श्री कृष्णले बलिलाई सातपुस्तासम्म तिम्रो सन्तान राक्षस नै भए पनि म मार्ने छैन भन्ने बचन दिएकोले श्रीकृष्णले मार्न नसकी आदि नारायणले भ्यागुताको रुप लिनुपरेको

भन्ने कथन रहेको छ । भ्यागुताले राक्षसलाई जिस्क्याउँदै जाँदा राक्षसलाई रिस उठ्न थाल्यो । त्यही रिसको झोंकमा भ्यागुता समाउन ऊ दौडिन थाल्यो । भ्यागुता एकैपटक दलदलयुक्त पोखरीमा हाम फाल्यो । रिसको झोंकमा परेको राक्षस पनि भ्यागुता समाउन सोही पोखरीमा हाम फाल्यो । ऊ दलदलमा फसेको थियो । जति बाहिर निस्किन खोज्थ्यो ऊ उति गाडिन थाल्थ्यो । यसरी राक्षस दलदलमा फसेको थाहा पाएपछि स्थानीयवासी आएर राक्षसको घाँटी काटेर काँधमा बोकेर नगर घुमाउन थाले । उता राक्षसकी पत्नीले यो सुनेर रुँदै कराउँदै बदला लिन भन्दै गाउँ पसी । नगरवासीले राक्षसनीलाई पनि समातेर बाँधी सिस्नो पानी लगाउँदै नगरपरिक्रमा गराएर सो टाउकोसँगै उसकी पत्नीलाई पनि दलदलमा डुबाइदिए भन्ने किंवदन्ती रहेको छ (श्रेष्ठ, वि.सं. २०६३, पृ.४२) ।

सोही राक्षसबाट मुक्ति पाएको दिनको रुपमा गाईजात्राको दिन टाउको लुकाउने जात्रा मनाइन्छ । पछि नगर छेवैको सिलाफलको पोखरीमा यो जात्रा मनाइन्छ । साथै, जनैपूर्णिमाको दिन बिहान खेतमा गएर कृतज्ञता स्वरुप भ्यागुतोलाई चौरासी व्यञ्जनको खाना खुवाउने चलन रहेको छ । जसलाई ब्याँ जा नके पुन्हि भनिन्छ । त्यस्तै, प्रतिपदाको दिनमा सो जात्राको सुरु र अन्तिममा खड्गी र कुसलेहरुले हास्य पारामा बाजा बजाउँदै नगर परिक्रमा गर्दै जात्राको सूचना दिने गर्छन् । यो सूचना दिने कामलाई च्वय्केगु भनिन्छ । यो जात्रा कोटघरबाट प्रारम्भ भएर देवमार्ग (द्यःलः) हुँदै झ्यालम्पाटी, च्वँ छे, सिकः छैं, याकः छैं, चा फल्चा, नासः, बाकुननी, देगः (महालक्ष्मी मन्दिर), ताहा फः लाय्ब, आदि घुमेर तल्लो टोलमा रहेको सिलाफलमा पुगेपछि त्यहाँ रहेको पोखरीको तीन पटक परिक्रमा गरी जात्रा सकिन्छ ।

## ग. श्रीकृष्ण जात्रा

श्री कृष्ण जात्रा पनि यो क्षेत्रको महत्वपूर्ण जात्रा हो । श्रीकृष्णको चन्द्रागिरिमा महत्वपूर्ण सम्बन्ध रहेको छ । बस्ती बस्नुपूर्ण श्री कृष्णले यही भेगमा बस्ती बसाएको भन्ने किंवदन्तीको आधारमा श्रीकृष्णको जात्रा मनाउने गरिन्छ । यो टोलका मानिसहरु श्रीकृष्ण जन्माष्टमीको दिन दिनभर निराहार भएर ब्रत बसी टोलटोलमा श्रीकृष्ण स्थापना गर्ने गर्दछन् । सो अवसरमा सो दिन रातभर जाग्राम बसेर भोलिपल्ट फेरि पूजापाठ गर्ने गरिन्छ । अपराह्नपछि श्रीकृष्णको प्रतिमालाई खटमा राखेर टोलटोल घुमाउँदै बाजागाजासहित जात्रा गरिन्छ । प्रत्येक टोलको खटहरु झ्यालम्पाटीस्थित

आदिनारायण मन्दिर परिसरमा भेला गराइन्छ। सो दिन थानकोट भेगमा बाह्रवटा खट सजाएर नगर परिक्रमा गर्ने चलन छ (प्रत्यक्ष अवलोकन)।

## घ. खड्ग जात्रा

यो जात्रा दशैंको अवसरमा मनाइन्छ। अन्यत्र जस्तै वडादशैंको दिनमा खड्ग जात्रा सम्पन्न गर्ने चलन रहेको छ। कोतघरमा दशैं सञ्चालन गर्ने सरकारी गुठी छ। कोतघरमा आश्विन शुक्ल प्रतिपदाको दिन घटस्थापना गरिन्छ र जमरा राखिन्छ। यो काम ब्राह्मण पुरोहित र आचाःजुले गर्छन्। अस्टमीको दिन कालरात्री पूजा सम्पन्न हुन्छ। नवमीको दिन कोतघरको प्रांगणमा बोका र राँगाको बली दिइन्छ। सोही दिन राँगोसहितक महालक्ष्मीस्थानमा कोटघरबाट पूजा लैजाने चलन छ। दशैंको दशौं दिन अर्थात् विजयादशमी वा टीकाको दिन साँझपख खड्ग जात्रा चल्ने गर्छ ( प्रत्यक्ष अवलोकन)।

## ङ. सिन्दुर जात्रा

सिन्दुर जात्रा अन्तर्गत् महालक्ष्मी, आदिनारायण, सिद्धि (इन्द्र) विनायक जात्रा सिन्दु जात्रासँगै जोडिएर आउने तीन जात्राहरु हुन्। जात्रामा सिम्रिक रंगको मात्रै प्रयोग गरिने भएकोले यसलाई सिन्दुर जात्रा भनिएको हो। सिन्दुर जात्राअन्तर्गत् महालक्ष्मी मन्दिरको प्रांगणमा महालक्ष्मी र गणेशलाई छुट्टछुट्टै खटमा राखेर मनाउने गरिन्छ। यो जात्रा प्रत्येक वर्षको कात्तिक शुक्ल पक्षको चतुर्दशीको दिनदेखि सुरु भएर मंसिर कृष्ण पक्षको प्रतिपदाको दिनसम्म चल्ने गर्दछ। तीन दिनसम्मको जात्रा यस्तो रहेको छ।

## पहिलो दिन

जात्राको पहिलो दिन महालक्ष्मीको जात्रा गर्ने गरिन्छ। महालक्ष्मीको जात्रा गरिने धातुको मूर्ति गुठिका पालो पर्ने गुठियाको घरबाट अपरान्हतिर ल्याएर मन्दिरमा स्थापित गरिन्छ। उक्त धातु मूर्ति वर्षेनि गुठियारको घरमा पालैपालो राख्ने प्रचलन छ। बैकुण्ठ चतुर्दशीको राति महालक्ष्मी मन्दिरको प्राङ्गणमा होम गरेर देवदेवीलाई आह्वान गरिन्छ। यो जात्रामा मुख्यतः पूजा तान्त्रिक विधिबाट गर्ने गरिन्छ। यसलाई नेवारीमा 'हवं यायगु' भनिन्छ। यो सत्र दुवाःहरुको हवं गुठी (होम गुठी) द्वारा

सम्पन गरिन्छ। आचाजु (कर्माचार्य थरका दीक्षित व्यक्ति)द्वारा तान्त्रिक विधिपूर्वक होम गराइन्छ। यसो गर्दा जात्रामा बिघ्नाबाधा आउँदैन भने जनविश्वास रहेको छ। यसै दिन जात्राको लागि राँगो मारकाट गरिने हुँदा छोयला खाने पनि प्रचलन रहेको छ (श्रेष्ठ, वि.सं. २०६३, पृ.४४)।

होम गरेर देवदेवीको आह्वान गरेपछि मात्रै औपचारिक रुपमा जात्राको सुरुवात हुने गर्दछ। होमकार्य सम्पन्न भएपछि बिहानीपख लण्ठ टोलमा मण्डः म्ये अर्थात् क्षेत्रपालको लागि राँगो काट्ने विधि प्रारम्भ हुन्छ। क्षेत्रपालको लागि राँगो काट्ने विधि प्रारम्भ हुन्छ। यो विधिमा गोपाली र देसार जातिको संलग्नता रहन्छ। यसरी काटिएको राँगोको एक चौथाइ भाग देसारलाई र तीन चौथाइ भाग गोपालीहरुलाई दिने गरिन्छ। यसरी पहिलो दिनको जात्रा सम्पन्न हुन्छ।

## दोस्रो दिन

दोस्रो दिनको जात्रा कात्तिक शुक्ल पूर्णिमाको दिन सुरु हुने गर्छ। जसलाई सखीमना पुन्हीको नामले पनि चिनिन्छ। सो दिन बिहानै महालक्ष्मी, आदिनारायण, सिद्धि गणेश, भैरवनाथ आदिको दिनभर पूजा आराधना गरी मनाउने गरिन्छ। कार्तिक शुक्ल पुर्णिमा अर्थात् सखीमना पुन्हीको बिहानदेखि महालक्ष्मी, आदिनारायण, सिद्धिगणेश भैरवनाथ आदिको दिनभर पूजा आराधना र ब्रत उपासना गरी बस्ने गरिन्छ। कुनैकुनै धर्मावलम्बीहरु त पूर्णिमाको रातभरि आफ्नो जिउको विभिन्न अंगमा दियो बालेर उपसाना र जाग्राम पनि बस्ने गरेको पाइन्छ। यस्तो कठीन उपासाना गरिनु पनि एक महत्वपूर्ण कडी हो। यो दिन जात्राको मुख्य भोज हुन्छ। पूर्णिमाको राति आदिनारायणको धातु मूर्तिलाई खटमा राखेर बाजागाजासहित जात्रा प्रारम्भ गरिन्छ। खट नचाउँदै चोछें, सिकःछें, कोटघर, चाफल, नासल, ताहाफल, लाय्ब आदि विभिन्न टोलमा परिक्रमा गराइन्छ। टोलवासीबाट पूजा गरेर आदिनारायणको आह्वान गर्ने चलन रहेको छ (श्रेष्ठ, वि.सं. २०६३, पृ.४४)।

दोस्रो दिन नै आदिनारायणको जात्रा सकिएपछि गणेशको जात्रा सुरु हुने गर्दछ। गणेशको पनि धातु मूर्तिलाई बाजागाजासहित इमाखेलस्थित सिद्धि(इन्द्र) विनायक स्थानमा लैजाने चलन छ। राति एक दुई बजेतिर जात्रा गर्दै ल्याएर महालक्ष्मी मन्दिरमा उत्तराभिमुख पारेर राख्ने चलन रहेको छ। सोही ठाउँमा महालक्ष्मीको मूर्तिसहितको खटलाई पनि ल्याएपछि जात्राको तयारी थालिन्छ। जात्राको तयारी भएपछि भैरव गुठीले जाँडले भरिएको तामाको घ्याम्पोलाई सिँगारपटार गरी गाउँको पुछारमा

रहेको च्यानडोलको अनन्त भैरवस्थित लात्याख्यः पीठ मसानमा बाजागाजा सहित लैजाने चलन छ । यसरी लैजाँदा नासः द्यःको अगाडि बिसाएर एउटा हाँसको बलि दिने चलन रहेको छ । त्यसपछि कतै नबिसाई भैरवस्थानमा पुर्याउने चलन छ । भैरव बोक्ने काम देसार जातिको हो । भैरवको पूजापछि टोलमा रहेका सबै जातिले एकै ठाउँमा बसेर भोज खाने गर्दछन् । यो भोजमा कपाली( कुस्ले) जाति थकाली हुन्छन् भने भोजमा सबैले एकअर्काको घुँडा छुनेगरी पलेँटी कसेर बस्नुपर्छ । भैरवलाई गाउँ भित्र्याएपछि दोस्रो दिनको जात्रा सम्पन्न हुन्छ ।

## तेस्रो तथा अन्तिम दिन

मङ्सिर कृष्ण प्रतिपदाको झिसमिसेमै सिन्दुर जात्रा प्रारम्भ हुने गर्दछ । पूर्णिमाको बिहानीपख महालक्ष्मी विधिपूर्वक यज्ञादि पूजा गरी खटमा विराजमान गराइन्छ । खटमा विराजमान सिद्धि(इन्द्र) विनायकको मूर्ति र महालक्ष्मीको मूर्तिमा पुनः पूजा आराधना गर्ने चलन छ । सिद्धिविनायकको खट बोक्ने क्रममा आठ जनाले बोक्ने चलन छ । त्यसपछि मात्रै महालक्ष्मीको खट अरु आठ जनाले बोक्ने गर्छन्  र झ्याली झ्याम्टा, धिमे नायखीं, कां: म्वायली आदि बाजाको तालमा खट नचाइन्छ । महर्जन थरका एक जनाले डमरु बजाउने गर्छन् । यसरी खट नचाउँदै जाँदा गुठियार र गन्यमान्य व्यक्तिहरुले उल्लासका साथ गुठियार तथा गन्यमान्यहरुद्वारा सिन्दुर छरेर देवदेवीको अभिषेक गर्ने गर्दछन् । यसरी दिनभरि जात्रा गराएर राती महालक्ष्मी, गणेश र भैरवको मिलन गराएपछि जात्रा सम्पन्न हुने गर्छ (पूर्ण गोपालीसँगको अन्तर्वार्ताबाट)।

## च. घोडेजात्रा वा पाहाँचह्रे

घोडेजात्रा चैत्र कृष्ण औशीको दिन मनाउने गरिन्छ । राष्ट्रिय रुपमा घोडे जात्रा मानिए पनि काठमाडौंका स्थानीय नेवारहरुले पाहाँचह्रे मनाउने गर्दछन् । चैत्र कृष्ण चतुर्दशी वा पिचास चतुर्दशीका दिन काठमाडौँमा पाँहाचह्रे वा पासाचह्रे अथवा मित्र चतुर्दशी मनाउने गरिन्छ । प्रचलित कथाअनुसार कुनै बेला काठमाडौंका मानिसहरूलाई उनीहरूका केटाकेटी चोरेर खाइदिने विशालकाय दैत्यलाई मार्न तान्त्रिक अनुष्ठान गरी दैत्यमाथि घोडा दौडाइएको थियो। उक्त दैत्य मारिएपछि काठमाडौंका नागरिकहरूले फेरि-फेरि त्यस्तो दुःख बेहोर्नु नपरोस् भनेर बर्सेनि काठमाडौंको

टुँडिखेलमा काल्पनिक दैत्यलाई घोडाको टापले कुल्चने परम्पराको विकास भएको थियो। चतुर्दशीको दिन लुकु महा द्योको पूजा गर्ने र औंशीका दिनमा उपत्यकामा घोडेजात्रा मनाउने गरिन्छ।

संस्कृतिविद् चुन्द्र बज्राचार्यका अनुसार पाँहाचह्रेका दिन मुख्यतया समयबजी खाने चलन छ। यसमा चिउरा, बोडी, अन्डा, बारा, साग, अचार, आलु, माछा, भटमासलगायतका परिकार खाइन्छ। यो चलन शोणितपुर क्षेत्रका नेवार समुदायले मनाउने गर्दछन्। यस पर्वको पहिलो दिन बिहान विभिन्न शक्तिपीठमा पूजा गरी बेलुकी भष्मासुरको डरले लुकेर बसेका महादेवको पूजा गरिन्छ। बज्राचार्यका अनुसार लुकु महाद्यः भन्दै महादेवको एउटा आकृतिलाई जमिनमुनि लुकाएर पूजा गर्ने परम्परा छ। घरघरमा खाल्टोमा राखिएका महादेवलाई लसुन, मुलाको पहेँलो र सेतो फूल राखेर पूजा गर्ने गरिन्छ। पाहाँचह्रे पर्वको दोस्रो दिन अर्थात् घोडेजात्राका दिन दुई वर्षसम्मका बालबालिकालाई मरःजा खुवाउने गरिन्छ। ८४ व्यञ्जनसहितको उक्त परिकार खुवाउँदा बालबालिका निरोगी हुने र भूतप्रेतले नसताउने जनविश्वास छ (श्रेष्ठ, वि.सं. २०६३, पृ.४९)।

## ३. शोणितपुर क्षेत्रमा विद्यमान गुठीहरु

शोणितपुर क्षेत्रमा रहेका १० वटा गुठीहरु रहेको तेजप्रकाश श्रेष्ठले उल्लेख गर्नुभएको छ। अहिले यी सबै गुठीहरु प्रचलनमा रहेका छैनन्। तर दुई दशकअघिसम्म प्रचलनमा रहेका गुठीहरु निम्नानुसार रहेका छन्।

### क. तधँ गुठी :

यो मूलतः श्रेष्ठहरुको गुठी हो। यसले खासगरी भैरवको पूजामा केन्द्रित छ। यो एउटा मलामी गुठी हो।

### ख. गोपाली गुठी

यो गुठी मूलतः गोपालीहरुको गुठी हो। यो महालक्ष्मी जात्रामा यस गुठीले लन्ठ टोलमा रहेका क्षेत्रपाल मण्डपमा राँगो चढाउनुपर्छ।

## ग. महालक्ष्मी गुठी

यो गुठी मूलतः महर्जन र श्रेष्ठ परिवारको गुठी हो । यो गुठीको गुठियारको घरमा पालैपालो महालक्ष्मीको मूर्ति राख्ने गरिन्छ ।

## घ. हवें (होम) गुठी

यो गुठी सरकारी गुठी हो । यो गुठीको मुख्य काम महालक्ष्मी जात्रामा कात्तिक शुक्ल चतुर्दशीको राती महालक्ष्मी स्थान अगाडिको यज्ञशालामा होम गर्नु हो । यसमा श्रेष्ठ र गोपालीहरुको सहभागिता हुन्छ ।

## ङ. ऐइटी गुठी

यो गुठी सत्र दुवाःहरुको सहभागिता हुन्छ । यो गुठी दशैंको महाअष्टमीको दिनमा यो गुठीले महालक्ष्मी स्थानमा पूजा लानुपर्छ । सत्रदुवाः भित्र श्रेष्ठ, गोपालीहरु द्वारेको रुपमा चिनिन्छन् ।

## च. चिधँ गुठी

यो गणेशलाई विशेष पूजा गर्ने गुठी हो । यो गुठी थरका नेवारहरु रहेका हुन्छन् ।

## छ. चःस्वाँ गुठी (रोपाई गुठी)

वर्षायाममा धान रोपाईं गर्नुभन्दा पहिले चाँपको फ''ल राखेर महालक्ष्मीको पूजा गर्ने गरिन्छ ।

## ज. न्हवँ गुठी

यो गुठी रातो मच्छिन्द्रनाथको जात्रासँग सम्बन्धित छ । मच्छिन्द्रनाथको जात्रा सुरु हुनुभन्दा अगाडि लगनखेलमा यस गुठीबाट पूजा लानुपर्छ । यो पनि गोपालीहरु मुख्य रहेको गुठी हो ।

## झ. रामनवमी गुठी

यो गुठीले चैतेदशैंमा महालक्ष्मी पूजा र रामनवमीको पूजाको व्यवस्था गर्छ ।

## ञ. मोहनी गुठी

मोहनी गुठी दशैंमा कोटघरमा खड्ग जात्रा सम्पन्न गर्ने जिम्मेवारी रहन्छ । यो सरकारी गुठी हो ।

## ट. बाजा गुठीहरु

शोणितपुर धिमे खलः महर्जन, श्रेष्ठ र गोपालीहरु सम्मिलित गुठी हो ।

बाँसुरी समूह : इमाखेल

धाः खलः च्वछेँ : गोपाली र नकर्मी सम्मिलित छन् ।

नाय् खिँ गुठीः अस्तित्वमा नरहेको

दाफा गुठी (हाल अस्तित्वमा नरहेको)

ब्याण्ड बाजा (छुंकीमा ब्याण्ड बाजाको समूह)

पञ्चैबाजा : गोदाम (दमाइ जाती संलग्न छन्)

काँ गुठी : यसमा देसारहरु संलग छन् ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ विषय परिचय

यस परिच्छेदमा 'चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा' शीर्षकको यस शोधकार्यका सिलसिलामा गरिएको सम्बन्धित साहित्यको पुनरावलोकन, दस्तावेज अध्ययन, शोधका लागि गरिएको सैद्धान्तिक अध्ययन, शोधकर्ताको अध्ययन र कार्यक्षेत्रको अनुभव, सरोकारवालासँगको अन्तर्वार्ता र लक्षित समूह छलफलबाट प्राप्त तथ्याङ्क र सूचनाको विश्लेषणपश्चात् प्राप्त सबै जानकारीलाई संश्लेषण गरी प्राप्ति र निष्कर्ष निकालिनुका साथै सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.२ प्राप्ति

'चन्द्रागिरिस्थित शोणितपुर क्षेत्रको संस्कृति र परम्परा' शीर्षकको यस शोधमा दस्तावेज अध्ययन, अन्तर्वार्ता, लक्षित समूहसँगको कुराकानी, छलफल, अन्तरक्रिया र शोधार्थीको कार्यक्षेत्रको अनुभवका आधारमा शोणितपुर क्षेत्रको सांस्कृतिक अध्ययनपछिको प्राप्ति निम्नानुसार रहेको छ :

### ५.२.१. महत्वपूर्ण ऐतिहासिक क्षेत्र

शोणितपुर क्षेत्र साहित्यिक स्रोत र पुरातात्विक स्रोतको आधारमा विश्लेषण गर्दा महत्वपूर्ण ऐतिहासिक क्षेत्रको रुपमा रहेको देखिन्छ । पौराणिक मान्यतालाई आधारमान्दा हिमवत् खण्डमा उल्लेख भएका वाणासुरजस्ता दानवहरुको बसोबास क्षेत्रमा कृष्णले आएर दानवी शक्तिको अन्त्य गरी बस्ती बसाएको उल्लेख छ । यही क्षेत्रमा वाणासुर गुफा लगायतले पनि यो क्षेत्रमा पौराणिक कथालाई आधार पुग्ने प्रमाण भेटिन सक्ने सम्भावना देखिएको छ । यसमा थप खोजी आवश्यक छ । त्यस्तै, यो भेग लिच्छविकालीन समयमा अत्यन्त महत्वपूर्ण क्षेत्र थियो भन्ने तत्कालीन तीन वटा अभिलेखहरुले पुष्टि गरिसकेका छन् । संवत् ४२८ मा जारी गरिएको वसन्तदेवको अभिलेख यो क्षेत्रको सबैभन्दा महत्वपूर्ण अभिलेख हो । जसमा सो क्षेत्रलाई जयपल्लिका ग्रामको उल्लेख गरिएको छ । जयपल्लिका ग्रामको चारकिल्ला कहाँदेखि कहाँ पर्दथ्यो भन्ने यकिन नभए पनि आदिनारायण मन्दिरको छेउमा राखिएको सो अभिलेखले यही भेग नै जयपल्लिका ग्रामलाई स्पष्ट पारेको छ ।

तत्कालीन राज्यप्रमुखहरूले यस क्षेत्रमा अभिलेख राखी त्यस क्षेत्रका वासिन्दाहरूलाई सम्बोधन गरी विभिन्न किसिमका करहरू माफी गरिदिएको तथा सरकारी अफिसरहरूले दुःख नदिनु भन्नेबन्धेज बाँधिएको पाइन्छ । यो हालसम्म भेटिएको पहिलो सरकारी स्थितिबन्देज राखिएको प्रशासिनक अभिलेख पनि हो । यस अभिलेखमा वसन्तदेवले आफ्नी बहिनी जय सुन्दरीको विवाह गुप्त वंशका कुनै व्यक्तिसँग गरिदिएर ती राजकुमारीलाई दाइजोको रूपमा थानकोट भेगको एउटा गाउँ दिएको कुरा अभिलेखबाट थाहा पाइन्छ । यो जयपल्लिकाग्राम नामको बीचमा जुन पल्लिका शब्दले गोपाल र आभीर वंशीहरुलाई संकेत गरेको छ । आभिरहरूको बस्ती वा टोललाई आभिरपल्लि भनिन्छ भन्ने कुरा संस्कृत केशबाट थाहा पाइन्छ । यहि कुरा केही फेरिएको रूपमा जयपल्लिका ग्राममा देखिन्छ । गोपाल वा ग्वालाहरूको बस्ती गाउँलाई पल्ली भन्ने चलन रहेको पृष्ठभूमिमा यो अभिलेखले यो भेगमा लिच्छविकालीन समयसम्म पनि गोपालीहरुको बस्ती संरचनाको अवशेषहरु बाँकी रहेको कुरा पुष्टि गरेको छ । यसले गर्दा हालको शोणितपुर क्षेत्र लिच्छविकालीन जयपल्लिका ग्रामको महत्वपूर्ण स्थलहरु रहेको मान्न सकिन्छ ।

त्यस्तै, भीमार्जुनदेव जिष्णुगुप्तको संवत् ५७ मा राखिएको अभिलेखमा यो क्षेत्रमा काष्ठजन्य र कपडाजन्य व्यवसाय फस्टाएको अवस्था देखिन्छ । यसमा काठ र दाउरामा लाग्ने सिंकर र कपडामा लाग्ने चैलकरको उल्लेख गरिएको छ । थानकोट भेगको बारेमा अधिक जानकारी दिने यो अभिलेख अत्यन्तै महत्वपूर्ण रहेको छ । ४८ अंगुल लामो र २१ अंगुल चौडा रहेको यो अभिलेखको शिरभागमा चक्र र दुईतिर शंख अंकित भएको देखिन्छ । यस अभिलेखको सहयोगबाट दहचोक डाँडोमा रहेको इन्द्रदहको बारेमा केही तथ्य खुलेको छ ।

च्वछेँ टोलस्थित चालँपाटीमा भट्टारक महाराज गणदेवको वि.सं. ६१६ को अभिलेख रहेको छ । संवत् ४८२ श्रावण शुक्ल प्रतिपदाका दिन राखिएको यो अभिलेखमा राजाले सो भेगमा कुथेर र शुली यी दुई अधिकरणले पस्न नपाउने गरी निगाह गरिएको उल्लेख छ । लिच्छविकालिन समयमा कुथेर, माप्चोक, लिंगवल, शुल्ली वा शोल्ल गरी ४ अधिकरणको व्यवस्था थियो जसमध्ये कुथेर अधिकरणले राजस्व सङ्कलन, जग्गा खरिदबिक्री तथा भूमिसम्बन्धी मुद्दा हेर्ने, माप्चोक अधिकरणले विवाह, पारपाचुके तथा सम्पत्तिको मुद्दा हेर्ने र शुल्ली वा शोल्लः पञ्चापराध (चोरी, जारी, हत्या, राजद्रोह र अपराधीसँग मिलेमतो हेर्ने)को मुद्दा हेर्ने व्यवस्था थियो । यसमध्ये राजस्व र पञ्चापराधको मुद्दा

सिधै दरबारबाट हेर्नेगरी निगाह भएको भनेपछि यो क्षेत्रको महत्वलाई जनाएको छ। यसबाहेक पनि मल्लकालमा राखिएका अनेकौं अभिलेखले समेत यो क्षेत्रको ऐतिहासिकता एवं महत्वको बारेमा उल्लेख गरेको छ।

## ५.२.२. पौराणिक मान्यता एवं सांस्कृतिक निरन्तरता

चन्द्रागिरि क्षेत्रको वडा नं ४ मा पर्ने प्राचीन शोणितपुर क्षेत्रमा विद्यमान संस्कार र संस्कृति अहिले पनि पौराणिक शोणितपुर क्षेत्रको बारेमा उल्लेख गरिएको कथासँग सम्बन्धित रहेको छ। गाइँजात्राको दिन साँझ मनाइने टाउको लुकाउने जात्रामा वाणासुर राक्षसको टाउकोको रुपमा एउटा टाउकोको आकृति बनाएर त्यसैलाई बोकेर नगर परिक्रमा गर्ने र अन्तिममा पोखरीमा टाउको डुबाउने चलनले अहिलेपनि पौराणिक कथालाई जात्राको माध्यमबाट निरन्तरता दिँदै आएको भेटिन्छ।

श्रीकृष्ण जात्रा शोणितपुर क्षेत्रको महत्वपूर्ण र मौलिक पर्व हो। उपत्यका प्रवेश गरेपछि श्री कृष्णले यही भेगमा बस्ती बसाएको भन्ने किंवदन्तीको आधारमा श्रीकृष्णको जात्रा मनाउँदै आइएको छ। यो टोलका मानिसहरु श्रीकृष्ण जन्माष्टमीको दिन दिनभर निराहार भएर ब्रत बसी टोलटोलमा श्रीकृष्ण स्थापना गर्ने गर्दछन्। सो अवसरमा सो दिन रातभर जाग्राम बसेर भोलिपल्ट फेरि पूजापाठ गर्ने गरिन्छ। अपराह्नपछि श्रीकृष्णको प्रतिमालाई खटमा राखेर टोलटोल घुमाउँदै बाजागाजासहित जात्रा गरिन्छ। प्रत्येक टोलको खटहरु झ्यालम्पाटीस्थित आदिनारायण मन्दिर परिसरमा भेला गराइन्छ। सो दिन थानकोट भेगमा बाह्रवटा खट सजाएर नगर परिक्रमा गर्ने चलन छ। यसले पनि यो भेगमा उपत्यकाको बसोबासको सुरुवात यही क्षेत्रबाट भएको हो भन्ने मान्यतालाई अहिलेसम्म पनि सांस्कृतिक रुपमा देखाउँदै आइएको छ।

## ५.२.३. शोणितपुर क्षेत्रका महत्वपूर्ण भौतिक संस्कृति

इतिहास र सांस्कृतिक निरन्तरताजस्तै यहाँका भौतिक संस्कृतिहरु पनि महत्वपूर्ण रहेका छन्। जस्तै, लिच्छविकालीन समयदेखि नै महत्वपूर्ण मानिएको आदिनारायण मन्दिर, टाफलको महालक्ष्मी मन्दिर, चोपछेटोलमा रहेको बसाह र शिवलिंग आदि त्यहाँका महत्वपूर्ण भौतिक संस्कृतिहरु हुन्। यी भौतिक संस्कृतिहरुले पनि यस क्षेत्रको महत्वलाई जनाएको छ।

## ६.३ निष्कर्ष

शोणितपुर क्षेत्र ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो । यहाँ पौराणिककालदेखिकै महत्वपूर्ण परिघटनाहरुको साहित्यिक स्रोतबाट प्रमाण भेटिन्छ भने लिच्छविकालसम्म आइपुग्दा यो क्षेत्र दरबारको अत्यन्त महत्वपूर्ण क्षेत्रको रुपमा विकसित हुन सक्यो । यो क्षेत्र पश्चिमतर्फको व्यापारिक मार्गको रुपमा समेत रहेकोले पनि लिच्छविकालदेखि हालसम्म पनि यस क्षेत्रको बहुआयामिक महत्व रहेको छ । यहाँ प्रचलनमा रहेका हरेक संस्कृतिले पौराणिक कथामा उल्लेखित घटनालाई प्रतिबिम्बित गर्ने गरेका छन् । त्यसैले यस क्षेत्रका एकाधबाहेक धेरै संस्कृतिहरु मौलिक रहेका छन् । यति महत्वपूर्ण हुँदाहुँदै पनि यस क्षेत्रमा अझै धेरै समस्याहरु देखिएका छन् । शोणितपुर क्षेत्रको माथिल्लो भागमा रहेको भनिएको वाणासुर गुफाको अध्ययन हुन सकेको छैन । यसको बारेमा अध्ययन हुन सके यसले पनि ठूलो इतिहास पत्ता लगाउने देखिएको छ । साथै, यो भेग प्राग् ऐतिहासिक दृष्टिले समेत महत्वपूर्ण हुन सक्ने अनुमान गर्न सकिन्छ । यसको बारेमा पनि अध्ययन हुनु आवश्यक छ । निष्कर्षमा भन्नुपर्दा चन्द्रागिरि वडा नं ४ मा पर्ने शोणितपुर क्षेत्र पौराणिक र ऐतिहासिक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण क्षेत्र हो । जसले अहिलेसम्म पनि परम्परागत संस्कृतिलाई जोगाइराखेका छन् ।

# सन्दर्भ ग्रन्थसूची


आचार्य, बाबुराम, (वि.सं. २०५८) *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौंः श्री कृष्ण आचार्य, पृ. ११,१२ ।

गुप्त, मुनिलाल अनु., (वि.सं. २०७६) *श्रीविष्णुपुराण,* गोरखपुरःगीताप्रेस उत्तरप्रदेश भारत ।

ढकाल, वेणीमाधव, (वि.सं. २०७५) *हिमवत्खण्ड नेपाली अनुवादसहित,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद, (वि.सं.२०५५) *नेपालको कला र वास्तुकला,* भोटाहिटीः एम. के पब्लिशर्स एण्ड डिस्टिब्युटर्स ।

पुरातत्वविद् समाज नेपाल (वि.सं. २०७०), *काठमाडौं उपत्यकाको सांस्कृतिक तथा पुरातात्विक स्थलहरुको अध्ययन प्रतिवेदन,* काठमाडौंः संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल सरकार ।

बज्रचार्य, धनबज्र, (वि.सं. २०३०) *लिच्छविकालका अभिलेख,* कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र, (वि.सं.२०५६) *मध्यकालीन अभिलेख,* कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

योगी नरहरिनाथ (वि.सं. २०१३) *हिमवत्खण्ड पुराण,* वाराणसीः प्रकाश काशी योग प्रचारिणी ।

श्रेष्ठ, भीमनाराण, (ई.सं. २०१९) *शोणितपुर (थानकोट)को ऐतिहासिक न्यायालय : झ्यालम्पाटी,* विश्वन्युज डटकम ।

श्रेष्ठ, तेजप्रकाश, (२०६२) *थानकोटमा प्रचलित जात्रा,* काठमाडौंः गोरखापत्र २०६२-५-११ ।

सातवलेकर, श्रीपाद् दामोदर, (ई.सं. १९८२) *महाभारत सभापर्व,* किल्ला पारडीः भारत मुद्रणालय ।

नेपाल, ज्ञानमणि, (२०४०) *नेपाल निरुक्त,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

आचार्य, बाबुराम, (वि.सं.२०५४) *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौंः श्रीकृष्ण आचार्य, पृ.११,१२) ।

बज्राचार्य, गौतमबज्र, *थानकोटको भीमार्जुनदेव र जिष्णुगुप्तको शिलालेख,* काठमाडौं, पूर्णिमा, अंक २, पृ.१-६ ।

## परिच्छेद एक

शोणितपुर क्षेत्रको सांस्कृतिक पक्षबारे विभिन्न मन्दिरका पुजारी र गुठीका गुठियारसँग गरिने अन्तर्वार्ताको प्रश्नावली

**क) शोणितपुर क्षेत्रका मन्दिरका पुजारीहरुका लागि अन्तर्वार्ताको प्रश्नावली**

यो प्रश्नावली मैले मेरो स्नातकोत्तर शोध कार्यका लागि तयार पारेको हुँ । यसमा उल्लिखित विविध पक्षका बारेमा आफ्नो राय प्रकट गरी सहयोग गरिदिनु भए आभारी हुनेछु । यहाँका उत्तर शोध प्रयोजनका लागि मात्र उपयोग हुने विश्वास दिलाउँछु ।

नाम, थर :

वतन :

शैक्षिक योग्यता :

उमेर :

लिङ्ग :

आबद्ध मन्दिरको नाम र ठेगाना :

१) यहाँ कार्यरत मन्दिरको नित्य र नैमित्तक पूजा के के हुने गर्छ ?

२) यहाँ कार्यरत मन्दिरसँग सम्बद्ध जात्रा पर्वहरु के के छन् र ती जात्रा कहिले कहिले मनाइन्छ ?

३) यहाँ कार्यरत मन्दिरसँग जोडिएको आस्था र विश्वासहरु केके छन् ?

४) यस मन्दिरसँग जोडिएका जात्राहरुमध्ये यस मन्दिरमा कुन कुन जातजातिको संलग्नता रहन्छ ?

**ख) शोणितपुर क्षेत्रका विभिन्न गुठीमा आबद्ध गुठियारसँगको अन्तर्वार्ताको प्रश्नावली**

यो प्रश्नावली मैले मेरो स्नातकोत्तर शोध कार्यका लागि तयार पारेको हुँ । यसमा उल्लिखित विविध पक्षका बारेमा आफ्नो राय प्रकट गरी सहयोग गरिदिनु भए आभारी हुनेछु । यहाँका उत्तर शोध प्रयोजनका लागि मात्र उपयोग हुने विश्वास दिलाउँछु ।

नाम, थर :

उमेर :

लिङ्ग :

अध्ययन तह :

आबद्ध गुठी :

१) यहाँको गुठीको शोणितपुर क्षेत्रमा प्रचलित नित्य तथा नैमित्तिक पूजासँग के सम्बन्ध छ ?

२) यहाँ आबद्ध गुठीमा कुनकुन जाति वा समुदाय आबद्ध छन् र उनीहरुको जिम्मेवारी के के हो ?

३) यहाँको गुठीको मुख्य जिम्मेवारी के हो र वर्षभरमा के के गतिविधि गर्नुहुन्छ ?

४) यस क्षेत्रको धर्म तथा संस्कारको बारेमा जानकारी गराई दिनुहुन्छ कि ?

**ग. अन्तर्वार्ताको क्रममा सोधिएका प्रश्नको ढाँचा**

*शोणितपुर क्षेत्रकाका स्थानीयको लागि तयार पारिएको अन्तर्वार्ताको नमुना*

यो प्रश्नावली मैले मेरो स्नातकोत्तर शोध कार्यका लागि तयार पारेको हुँ । यसमा उल्लिखित विविध पक्षका बारेमा आफ्नो राय प्रकट गरी सहयोग गरिदिनु भए आभारी हुनेछु । यहाँका उत्तर शोध प्रयोजनका लागि मात्र उपयोग हुने विश्वास दिलाउँछु ।

नाम, थर :

वतन :

उमेर :

लिङ्ग :

पेसा :

१) शोणितपुर क्षेत्रको ऐतिहासिकताको बारेमा यहाँले सुन्नुभएको कथा किंवदन्तीको बारेमा यहाँलाई के जानकारी छ ?

२) यस भेगमा हुने जात्रा पर्वमा यहाँहरुले कत्तिको सहभागिता जनाउनुहुन्छ ? यदि जनाउनुहुन्छ भने त्यहाँको जात्राको बारेमा यहाँलाई के जानकारी छ ?

३) यो भेगमा रहेको यहाँले थाहा पाएसम्म सबैभन्दा पुरानो मन्दिर वा अन्य संरचना के हो ?

४) यो भेगमा कुन कुन जातिको बसोबास रहेको छ ?

५) यहाँका मन्दिर तथा अन्य सांस्कृतिक स्थलहरुमा कस्ताकस्ता जात्रा पर्वहरु सञ्चालन हुनेगर्छ ?

६) यस मन्दिरसँग सम्बन्धित जात्राहरू केके छन् ?

७) जात्राहरू कसले सञ्चालन गर्छ ?

८) जात्रा कति दिन चल्छ र कहाँ कहाँ लगिन्छ ?

९) यस मन्दिरमा हुने जात्रा एवं मन्दिर र अन्य सांस्कृतिक संरचनाहरुमा पहिले र अहिले के-कस्ता परिवर्तनहरू आए ?

१०) विगत २० वर्ष र अहिलेमा सांस्कृतिक क्रियाकलापमा के-कस्तो भिन्नता आए ?

# परिच्छेद दुई

## अन्तर्वार्ता लिइएका विज्ञ एवं स्थानीयको नामावली

जीवन पण्डित - पुरोहित, महालक्ष्मी मन्दिर

हरिभुवन श्रेष्ठ - गुठियार, गणेश मन्दिर

सुन्दर श्रेष्ठ - गुठियार, गणेश मन्दिर

सुमन श्रेष्ठ - गुठियार, गणेश मन्दिर

पूर्णबहादुर गोपाली - स्थानीय संस्कृतिविद्

बुद्धिबहादुर गोपाली - स्थानीय

कृष्णबहादुर खड्गी - स्थानीय

कुमार गोपाली - स्थानीय

प्रकाश महर्जन - स्थानीय

सुमित श्रेष्ठ - स्थानीय

मचाकाजी महर्जन - स्थानीय

सानुबाबु देसार - स्थानीय

बाबुकाजी नापित - स्थानीय

# परिच्छेद तीन

## चित्रफलकहरु



तस्वीर १ : आदिनारायण मन्दिरको पछिल्तिर रहेको भीमार्जुनदेव जिष्णुगुप्तको अभिलेख




तस्वीर २ : आदिनारायण मन्दिर, शोणितपुर



तस्वीर ३ : महालक्ष्मी मन्दिर, शोणितपुर



तस्वीर ४ : आदिनारायण मन्दिर परिसरमा रहेको पाटी र मन्दिर



तस्वीर ५ : आदिनारायण मन्दिर परिसरमा रहेको कोतघर



तस्वीर ६ : महालक्ष्मी गणेश भैरव जात्रामा खट उठाइँदै



तस्वीर ७ : महालक्ष्मी गणेश भैरव जात्रामा खट उठाइँदै



तस्वीर ८ : महालक्ष्मी गणेश भैरव जात्रामा खट उठाइँदै



तस्वीर ९ : महालक्ष्मी गणेश भैरव जात्रामा खट उठाइँदै



तस्वीर नं १० : शोणितपुरको गाईजात्रा



तस्वीर ११ : थानकोटस्थित सिलाफल पोखरीमा राँगोको टाउको लुकाउने जात्रा



तस्वीर १२ : थानकोटस्थित सिलाफल पोखरीमा राँगोको टाउको लुकाउने जात्रा